म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ६५ | बुधबार १७ असोज २०८० | ने. सं. ११४३ ञलगा | 4— October 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दसैंको टीकाको साइत बिहान ११:०२ बजे



हेटौंडा, १६ असोज/नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको बिजयादसमीको टीकाको साइत सार्वजनिक गरेको छ । समितिले मंगलबार यस वर्षको दसैंको टीकाको साइत सार्वजनिक गरेको हो ।समितिका अनुसार दसैंको टीकाको उत्तम साइत कात्तिक ७ गते बिहान ११ बजेर २ मिनेटमा रहेको छ । यस्तै यस वर्षको दसैंको सुरुवात असोज २८ गते आइतबार हुनेछ । समितिका अनुसार घटस्थापनाको साइत बिहान ११:२९ बजे रहेको छ । घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले दुवैको शान्ति गरेर घटस्थापना गर्नु शास्त्रसम्मत हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए ।

प्रहरी कार्यालयभित्रै महिला मृत्यु प्रकरण

## अनुसन्धान गर्न छानबीन समिति गठन, एम्बुलेन्स रोक्ने प्रहरी निलम्वित

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ बिरामी महिला बोकेर घरतर्फ गइरहेको एम्बुलेन्स रोकेका कारण प्रहरी परिसरमै महिलाको मृत्यु भएको घटनामा अनुसन्धान गर्न समिति गठन गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयले प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीको संयोजकत्वमा ५ सदस्यीय छानबीन समिति गठन गरेको हो । मकवानपुरका प्रहरीप्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले छानबीन समिति बनाएर घटनाको अनुसन्धान सुरु गरिएको जानकारी दिए । छानबीन समितिमा डिएसपी भण्डारीसहित बाँकी ४ जना प्रहरी कर्मचारीहरु सदस्य छन् । डिएसपी भण्डारीले घटनाको सत्यतथ्य छानबीनका लागि छानबीन समिति गठन गरिएको र अनुसन्धान सुरु भइसकेको जानकारी दिए । 'घटनाको सत्यतथ्य पत्ता लगाउन अनुसन्धान सुरु गरिसकेका छौं । अनुसन्धानबाट जो दोषि देखिए पनि कानुनी कारबाही हुन्छ ।', उनले भने ।

हेटौंडामा आइतबार मध्यरात सडकमा एम्बुलेन्स रोकेर घुमुवा प्रहरी सहायक हबल्दार डिल्लीराम शिवाकोटीले बितण्डा मच्चाएको मृतक परिवारको आरोप छ । शिवाकोटीसँग सडकमा विवाद हुँदा प्रहरीले मृतक परिवारलाई हिरासतमा थुनेको र एम्बुलेन्सभित्रै अक्सिजन लगाइएको बिरामी महिलाको प्रहरी कार्यालय परिसरभित्रै मृत्यु भएको थियो । मृत्यु हुनेमा मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका-१ घर भएकी



मुटु रोगको बिरामी ५६ वर्षीया चिर माया लो हुन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले सहायक हवल्दार शिवाकोटीलाई निलम्बन गरेको हो । मृतक परिवारसँग आइतबार राति करिब १२ बजे हेटौंडा उपमहानगरपालिका-४, स्थित रानीदरबार अगाडि भएको विवादको क्रममा उनी घाइते भएका थिए । उनको चितवनमा उपचार भइरहेको छ । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरीउपरीक्षक दीपक रेग्मीले एम्बुलेन्स रोक्ने प्रहरी शिवाकोटीलाई निलम्बन गरेको जानकारी दिए । उनले निलम्बन गरेर घटनाको अनुसन्धन भइरहेको बताए । सहायक हबल्दार शिवाकोटीको उपचारपछि थप कारबाही प्रक्रिया अगाडि बढाउने रेग्मीले बताएका छन् ।

एसएसपी रेग्मीले बिरामी बोकेको एम्बुलेन्स लामो समयसम्म रोक्नु राम्रो नभएको बताए । प्रहरी कार्यालयभित्र एम्बुलेन्स रहँदा महिलाको मृत्यु भएको विषयमा पनि प्रदेश प्रहरी कार्यालयको ध्यानाकर्षण भएको र अनुसन्धान भइरहेको रेग्मीले बताए । काठमाडौंस्थित त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज परिसरमा रहेको मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर बाट डिस्चार्ज गरिएका बिरामी बोकेको ना २ च ८४३२ नम्बरको एम्बुलेन्स रोकेर घुमुवा प्रहरी सहायक हबल्दार शिवाकोटीले सडकमै 'बबाल' गरेपछि महिलाको मृत्यु भएको आरोप लागेको हो ।

एम्बुलेन्ससँगै काठमाडौंबाटै आएको एउटा टाटासुमोमा रहेका परिवारलाई लिन बकैयाबाट अर्को टाटासुमो आएको थियो । रानी दरबारअगाडि मेनरोडमै काठमाडौंबाट आएको टाटासुमो खाली गरेर बकैयाबाट आएको टाटासुमोमा बिरामीको परिवार चढ्नै लाग्दा सहायक प्रहरी हबल्दार शिवाकोटी मदिराले मातिएको अवस्थामा आइपुगेको मृतक परिवारले आरोप लगाएको छ । बिरामी परिवारका अनुसार मादकपदार्थ सेवन गरेका शिवाकोटीले सुरुमै एम्बुलेन्सको चाबी थुतेर गाडीमा लात्ती बर्साउनुका साथै चालकमाथि हातपात गरेको जनाइएको छ ।

मृतक महिलाको छोरा लालबहादुर वाइवाले सुरुमा शिवाकोटीले हातपात गरेको बताए । 'हामी टाटासुमो परिवर्तन गर्दै थियौं । घुमुवा आएर एम्बुलेन्सको चाबी थुते र ढाक्कढुक्क पार्न थाले । पाँच मिनेटजति त हामी बोल्नै नसक्ने अवस्थामा भयौं,' वाइबाले भने, 'तपाईं को हो भनेर सोध्दा म हेटौंडाको डन हो । बोलाऊँ, गोली ठोक्दिऊँ भन्यो ।', वाइवाले सुनाए । शिवाकोटीले प्रहरी भएको कुनै जानकारी नदिएको र विवाद हुँदा मात्रै उनको साथबाट पेस्तोल र हत्कडी सडकमा झरेको वाइबाले बताए ।

प्रहरीले एम्बुलेन्स नै प्रहरी कार्यालयमा ल्याएर राख्दा बिरामी महिलाको मृत्यु भएको हो । अक्सिजनको सहारामा घर लैजाँदै गरेको अवस्थामा उनको छोरा, ज्वाइँहरु गरी पाँच जना प्रहरी हिरासतमै रहँदा महिलाको मृत्यु भएको हो । करिब २ घण्टा एम्बुलेन्स प्रहरी कार्यालयमै राखिएको थियो । अक्सिजनको मात्रा ४० प्रतिशतमात्रै रहेको र अर्को अक्सिजन परिवर्तन गर्न नपाइएको उनका छोरा वाइबाले बताए । 'हामीलाई श्वास थोरै रहेसम्म पनि आस हुन्थ्यो त । हस्पिटल लैजानुभन्दा पनि एम्बुलेन्स प्रहरी कार्यालयमै राख्यो ।', उनले भने ।

सोमबार गृहमन्त्री नारायणकाजी श्रेष्ठ हेटौंडा आएकै दिन नारा, जुलुस निस्किने त्रासले प्रहरीले मृतक महिलाको छोरा र ज्वाइँसहित पाँच जनालाई ४-५ घण्टा हिरासतमा राखेर सोमबार बिहानै छोडेको थियो । घटनामा प्रहरीकै गल्ती देखेपछि एउटा सहमतिपत्र गराएर उनीहरुलाई हिरासतमुक्त गरिदिएको थियो । महिलाको शव उनको परिवारले सोमबार नै घर लगेको छ ।

## नागस्वती भेट्रान्स फुटबल: तीन टिमको विजयी सुरुवात



साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ नागस्वती भेट्रान्स क्लबको आयोजनामा मंगलबारदेखि हेटौंडा-७ नागस्वतीमा सुरु भएको दोस्रो नागस्वती भेट्रान्स रनिङ शिल्ड फुटबल प्रतियोगितामा मंगलबार चितवन भेट्रान्स, जोरपाटी भेट्रान्स र अभिषेक चर्च नवलपरासीले विजयी सुरुवात गरेका छन् ।

प्रतियोगितामा मंगलबारको पहिलो खेल चितवन र नवजागृति भेट्रान्स सिमराबीच भएको थियो । खेलमा ३-१ अन्तरमा चितवन भेट्रान्स विजयी हुन सफल भएको हो । यस्तै दोश्रो खेलमा अभिषेक चर्च नवलपरासीले वीरगञ्ज भेट्रान्सलाई ट्राईब्रेकरमा हराउदै विजयी हुन सफल भएको थियो ।

खेलको पहिलो हाफको २१ औं मिनेटमा चितवनका खेलाडी भुपेन्द्र कार्कीले पहिलो र दोस्रो हाफको २८ औं मिनेटमा अर्को गोल गर्न सफल भएका थिए भने खेलको ४० औं मिनेटमा रवीन्द्र श्रेष्ठले गोल थप्दै अग्रता दिलाएका थिए । सिमराको तर्फबाट एक मात्र सान्त्वना गोल खेलको ३० औं मिनेटमा मेघनाथ अधिकारीले गरेका थिए । खेलको म्यानअफ द म्याच चितवनका खेलाडी भुपेन्द्र कार्की घोषित भएका थिए ।

मंगलबारको पहिलो खेल सानो गौचरण भेट्रान्स काठमाडौं र जोरपाटी भेट्रान्स काठमाडौं बीच हुने भनिए पनि खेलमा सानो गौचरणले कारणबस सहभागिता जनाउन नसकेपछि जोरपाटीले स्वत: बाई पाएको थियो । त्यस्तैगरी वीरगञ्ज सिटी भेट्रान्स वीरगञ्ज र अभिषेक चर्च भेट्रान्स नवलपरासी बीचको खेलमा निर्धारित समयमा कुनै समुहबाट गोल हुन नसकेपछि ट्राईब्रेकरमा अभिषेक चर्च विजयी भएको थियो । ट्राइबेकरको प्रतिस्पर्धामा अभिषेकले चर्चले ३-२ गोल अन्तरले जीत हासिल गरेको हो । खेलमा अभिषेक चर्चका खेलाडी शंकरगोपाल खड्की म्यान अफ द म्याच घोषित भएका थिए । प्रतियोगितामा आयोजक क्लबसहित देशभरका १६ वटा भेट्रान्स क्लबहरुले सहभागिता जनाएका छन् । प्रतियोगितामा विजेताले २ लाख १ हजार र उपविजेतालाई एक लाख १ हजार नगद सहित शिल्ड पुरस्कार रहेको क्लबका अध्यक्ष सोमबहादुर तितुङले बताएका छन् ।

स्वास्थ्यका लागि खेल भन्ने नाराका साथ आयोजना गर्न लागेको प्रतियोगिताले पूर्वखेलाडीहरुको मनोवल उच्च राख्न सहयोग पुग्ने उनले बताए । फाइनल खेल असोज २० गते शनिबार दिउँसो ३ बजे हुनेछ । वर्षातको कारण खेलको उद्घाटन बुधबार बिहानको लागि सारिएको अध्यक्ष तितुङले बताए ।

## बागमतीका खानेपानीमन्त्री लामाका भाइ पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ अपहरणको आरोपमा सोमबार बागमती प्रदेशको खानेपानीमन्त्री तीर्थ लामाका भाइसहित दुईजना पक्राउ परेका छन् ।

प्रहरीले काभ्रेका भोज बहादुर लामा र आशलाल लामालाई पक्राउ गरेको हो । उनीहरुलाई महानगरीय प्रहरी वृत्त महाराजगन्जको टोलीले पक्राउ गरेको हो । प्रहरीका अनुसार, पक्राउ परेका भोजबहादुर खानेपानीमन्त्री तीर्थ लामाका भाइ हुन् । उनी आपराधिक पृष्ठभूमिका हुन् । सोमबारै उनीहरुले काभ्रेका एक बुद्धचित्त मालाका व्यापारीलाई अपहरण गरेको खुलेको प्रहरीले जनाएको छ ।

व्यापारीलाई बन्धक बनाएको आरोपमा लामाद्वयलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एवं एसएसपी भूपेन्द्र खत्रीले बताए । 'सोमबार उनीहरुले व्यापारीलाई बन्धक बनाएको सूचना आएपछि पक्राउ गरिएको हो । घटनाबारे अनुसन्धान भइरहेको छ ।', एसएसपी खत्रीले भने ।

## गृहमन्त्रीलाई केपी ओलीको कटाक्ष, 'हेटौंडा गएर गफ दिने ?'

साझाकुरा संवाददाता

हेटौंडा, १५ असोज/ गृहमन्त्री नारायणकाजी श्रेष्ठले सोमबार हेटौंडा पुगेर सुशासनको गफ दिएको भन्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेता तथा पूर्वप्रधानमन्त्री केपी शर्माओलीले सदनमै कटाक्ष गरेका छन् ।

गृहमन्त्री श्रेष्ठले सुन प्रकरणका दोषि बचाउन ढाकछोप गरेको आरोप लगाउँदै हेटौंडा गएर गफ दिएको राम्रो नभएको मंगलबार प्रतिनिधिसभा बैठकमा बोल्दै ओलीले भनेका हुन् । ओलीले सुन तस्करी, सुशासनलगायतका विषयमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको आलोचना गरेका थिए । 'सुशासनको अभियान चलाएको र त्यसलाई रोक्न संगठित रुपमा विरोधीहरु लागेको' भन्ने गृहमन्त्रीको भनाइलाई ओलीले गफको संज्ञा दिएका छन् । 'कुन विरोधी लागे तपाईंको सुशासन रोक्न ?', ओलीले भने ।

सुन तस्करीमा संलग्नहरु-लाई पक्राउ नगरेको भन्दै ओलीले गृहमन्त्री श्रेष्ठमाथि प्रश्न उठाए । प्रतिनिधिसभाको मंगलबारको बैठकमा ओलीले भने, 'साढे ९ किलो सुन भेपमा पक्राउ पर्छ तपाईं ढाकछोप गर्न लाग्नुहुन्छ । १ सय किलो सुन बरामद हुन्छ ।', उनले भने । 'छानबीन गर्न आयोग बनाउ



भन्दा एक महिनासम्म लडाई लड्नु पर्छ । छानबीन गर्दा के बिग्रिन्थ्यो ? महासय, तपाईं किन आत्तिनुभयो, स्वतन्त्र निष्पक्ष छानबीनसँग ?', 'अनि गफ दिनुहुन्छ हेटौंडा गएर ।', ओलीले थपे ।

गृहमन्त्रीले हेटौंडा आएर सरकार सुशासन अभियानमा लागेको बताउँदै सरकारले सुशासन कायम गर्ने हो की अभियान हो ? भन्दै प्रश्न गरे । 'सुशासन अभियान हो ?', उनले प्रश्न गरे, 'सुशासन भनेको सरकारको नियमित कर्तव्य हो । नियमित काम हो । सरकारले दिनुपर्छ, शान्तिसुरक्षा दिनुपर्छ । भ्रष्टाचार रोक्नुपर्छ, कमिशनतन्त्र रोक्नुपर्छ । घुस रोक्नुपर्छ ।', ओलीले भने, 'सुशासनको अभियान चलाएको त्यसलाई रोक्न विरोधी लाग्या छन् भनेर हेटौंडामा उधुम खोक्नुभयो ।', प्रतिपक्षमाथि सुशासनको अभियान रोक्न लागेको भनेर गृहमन्त्रीले गलत बोलेको ओलीको भनाइ थियो ।

सोमबार हेटौंडा आएका श्रेष्ठले सरकारले सञ्चालन गरेको सुशासन अभियान नरोकिने दावी गरेका थिए । भ्रष्टाचार, कुशासन र जाली फटहाविरुद्ध काम गरिहँदा त्यसको संरक्षकहरु आत्तिएको भन्दै सरकार सुशासनको अभियानमा लागिरहने बताएका थिए । वर्तमान सरकारको सुशासनको अभियानबाट जनतामा आशा र विश्वास बढिरहेको दाबी श्रेष्ठको थियो । सुशासन अभियानअन्तर्गत ललिता निवास, मिटरब्याज, भुटानी शरणार्थी, सुन तस्करी, भ्रष्टाचारका विभिन्न घटनाको छानबीन भइरहेको बताए ।

## हेटौंडामा नागरिक सम्मेलन गरिने



साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ हेटौंडामा गैरसरकारी संस्थाले वृहत नागरिक सम्मेलनको तयारी गरेको छ । गैरसरकारी संस्था महासंघ बागमती प्रदेशको साधारणसभाका अवसर पारेर हेटौंडामा प्रदेशस्तरीय वृहत नागरिक सम्मेलन हुन लागेको हो ।

गैसस महासंघ बागमती प्रदेशको आयोजनामा हुन गइरहेको नागरिक सम्मेलनमा प्रदेशभरका विभिन्न संघसंस्थाका करिव पाँच सय पेशाकर्मीको सहभागीता रहने र सुझावहरु संकलन गर्ने कार्यक्रम रहेको अध्यक्ष आरती पाठकले जानकारी दिइन् । गैसस केन्द्रीय सचिव बुद्धशरण लामाले नागरिकको आवाजलाई बुलन्द बनाउन कार्यक्रमको उद्देश्य रहेको बताए ।

सम्मेलनमा नागरिक समाजका अगुवाहरु केदार खड्का, गौरी प्रधानलगायतले सम्बोधन गर्ने कार्यक्रम रहेको समेत सचिव लामाले बताए । सरकारलाई खबरदारी गर्ने र आफ्ना आवाजलाई बुलन्द गराउन यस्ता कार्यक्रमले ठुलो अर्थ राख्ने उनको भनाई छ । नीतिगत सवालमा सरकारले नजरअन्दाज गरेको र नागरिक संस्थाहरु खुम्चने अवस्थामा पुग्ने भन्दै लैंगिक अवस्थालाई पनि बलियो बनाउन पनि कार्यक्रमको उद्देश्य रहेको अध्यक्ष पाठकले बताएकी छन् । उनका अनुसार सम्मेलनमा बालबालिका, मानवअधिकार, सुशासन, दीगो विकास लक्ष्यलगायतका विषयहरुमा छलफल हुने जानकारी दिइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# फोहोरको उचित विसर्जन गरौं

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घर पालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पु¥याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाकलापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्राय: सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १८ गते बिहीबार ५ अक्टोबर २०२३ । षष्ठी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ५:५९, सूर्यास्त ५:४४ । विश्व शिक्षक दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आत्मविश्वास बढ्नेछ | तुला | : प्रतिभाका कार्यमा सफलता |
| वृष | : आफन्तको सहयोग मिल्नेछ | वृश्चिक | : सन्तानबाट सन्तोष मिल्नेछ |
| मिथुन | : मान, प्रतिष्ठा बढ्नेछ | धनु | : विवाद पर्न सक्नेछ |
| कर्कट | : कार्यमा सफलता मिल्नेछ | मकर | : दाम्पत्य सुख मिल्नेछ |
| सिंह | : सहमतिका कार्यहरु हुनेछन् | कुम्भ | : रमाइलो यात्रा हुनेछ |
| कन्या | : नयाँ कार्य सम्पन्न हुनेछ | मीन | : धन कमाउने योग परेको छ |

# अर्थतन्त्र चलायमान बनाउने सूत्र



प्रा.डा. गोविन्दराज पोखरेल

एक दशकको हिंसात्मक आन्दोलन अन्त्य, दशक लगाएर संविधान बनाई राजनीतिक संक्रमणकालको उत्तरार्धतिर हामी भए पनि राजनीतिक स्थिरता कायम गरी नागरिकका उच्च आकांक्षाको सम्बोधन गर्छौं भनेर आशा देखाउन राजनीति भनेजति सफल हुन सकेन ।

हिंसात्मक द्वन्द्व सुरु भएदेखि देशमा विकल्प नभएपछि श्रम बेच्न विदेशिने युवाको संख्या बढ्न थाल्यो । श्रमगरी खानेले आफ्नो श्रम बेच्दा जहाँ भए पनि उचित र आकर्षण पारिश्रमिक खोज्छ, यहाँ श्रम बेच्नुको साटो दिगो र बढी आम्दानीका लागि युवा विदेशतिर लागे । उनीहरुका कारणले रेमिट्यान्स (विप्रेषण) बढेको देखिएको छ र रेमिट्यान्सले देशको अर्थतन्त्रको बाह्य क्षेत्र विशेषगरी वैदेशिक मुद्राको सञ्चिति लगायतका सूचकांक राम्रो देखाएको छ ।

विदेशी मुद्राको सञ्चिति विप्रेषणका कारणले बढे पनि आन्तरिक सुधार गर्न सरकारले सकेको छैन । यस पटक कुल बजेट १७ खर्ब ५१ अर्बको बन्यो । चालु आर्थिक वर्षका लागि पारित बजेटको वार्षिक लक्ष्यमा चालु खर्चमा ११ खर्ब ४२ अर्ब राखिएको छ । विकास खर्च ३ खर्ब २ अर्ब मात्रै छुट्याइएको छ ।

विकास खर्च यसको आधारमा १७ प्रतिशतको हाराहारीमा मात्रै छ । ३ खर्ब ७ अर्ब ऋण तिर्नको लागि छुट्याइएको छ । ऋण तिर्न पूँजीगत खर्चभन्दा बढी छ । देशको सार्वजनिक ऋण बढेको बढ्यै छ तर बजेटमा विकास खर्च भन्दा चालु खर्च बढेको छ । ऋण लिएर ऋण तिर्नुपर्ने अप्ठ्यारो चक्रमा हामी परेका छौं झन् त्यसमा लिएको ऋण विकास खर्चमा मात्र प्रयोग गरिएको छैन ।

यस वर्ष वैदेशिक अनुदान ५० अर्ब आउने अनुमान छ, पछिल्ला वर्षहरुलाई र अन्तर्राष्ट्रिय परिस्थिति हेर्दा यो रकम आउनै सक्दैन । अघिल्लो वर्ष ५ अर्बभन्दा कम अनुदान प्राप्त भएको थियो । यस वर्ष राजस्व र अनुदानबाट कुल आम्दानी १४ खर्ब ७२ राखिएको छ । राजस्व उठ्ने यो लक्ष्य मात्रै हो । गत वर्ष १४ खर्ब ३ अर्ब उठाउने लक्ष्य राखेकोमा जम्मा ९ खर्ब ५७ अर्ब मात्र राजस्व उठेको छ । अहिले पनि राजस्व उठ्ने अवस्था उस्तै देखिन्छ ।

किनकि गत वर्ष असोज ११ गतेसम्म करिब १६३ अर्ब राजस्व उठेको थियो । यसपटक पनि उक्त मितिमा करिब १६३ अर्ब नै राजस्व उठेको छ । यसको सीधा अर्थ हो, राजस्व संकलन वृद्धिमा सरकारले उल्लेखनीय सुधारका काम गर्न सकेको छैन र अहिलेकै बिरामी अर्थतन्त्रलाई सरकारले यसैगरी डो¥याउने हो भने राजस्व झन् कम उठ्न सक्ने आकलन गर्न सकिन्छ ।

सरकारलाई थाहा छ राजस्व नबढेको कुरा तर उद्योगी र व्यवसायीलाई निरुत्साहित नगरी सिर्जनशील र व्यावहारिक उपाय अपनाएर करका दायरा बढाएर, भन्सार प्रशासनमा सुशासन कायम गरेर, धेरै अनौपचारिक रुपमा हुने कारोबारलाई सुरुमा कम कर लगाएर राजस्वको दायरामा ल्याएर, बजारमा हतोत्साहित नगरी अनुगमन बढाएर राजस्व वृद्धिमा सरकारले कदम चालेको देखिँदैन । यसले के देखाउँछ भने समस्यालाई समाधान गर्न सरकारको क्षमता नपुगेको हो या गम्भीर भएर नलागेको हो ।

निर्णय गर्दा राजनीति र कानुनमा फरक-फरक तरिकाले हेर्ने गरिन्छ । कानुनको सन्दर्भमा पुराना नजिरलाई हेरिन्छ र निर्णय लिंदा पहिलेका नजिरहरु हेर्ने गरिन्छ । राजनीतिमा पुराना घटनाको घटनाक्रमको मूल्यांकनको आधार र अनुभवमा भविष्यलाई हेरेर निर्णय लिने गरिएको हुन्छ । विगतको कमजोर पक्ष हेरेर भविष्यमा लक्ष्य प्राप्त गर्ने गरी निर्णय लिइएको हुन्छ ।

गत वर्ष बजेट र समग्र अर्थतन्त्रका लक्ष्य प्राप्त हुन सकेन भने के के कारण हुनसक्छन् त्यसलाई औंल्याइन्छ । त्यस आधारमा सिर्जनशील र व्यावहारिक सुधार सहित लक्ष्य निर्धारण हुन्छ । हेनरी किसिङ्जरको भनाइमा राजनीतिक नेतृत्वले समस्या समाधानको व्यवस्थापन गर्छ र भविष्यको खाका बनाएर अघिबढ्छ तर हाम्रो राजनीतिक नेतृत्व र यसपटकको सरकारले विगतको कमजोरी प्रति आँखा चिम्लियो र आफू दृष्टिकोणविहीन सरकार देखियो । समस्यालाई समाधान गर्नुपर्ने जिम्मेवारीको बोध र चेत सरकारमा पलाएन । आत्मबोध नै नभएको सरकार देखिएको छ ।

सुशासनमा सरकार गम्भीर रुपमा चुकेको छ । तस्करीले व्यापकता पाएको छ । वास्तवमा सुशासन कमजोर भएको सरकारले करका दरहरु तस्करलाई लाभ हुने गरी हेरफेर गरिदियो किनकि करका दायरा बढाउनुपर्नेमा दर बढाउँदा र सुशासन कायम नगर्दा तस्करी बढ्न पुग्यो । दर बढेपछि त मान्छेले त्यसलाई छल्न छिद्र खोजिहाल्छ । सुशासनको पाटो कमजोर भएपछि स्वत: तस्करी बढ्छ । तस्करी गरेर ल्याइएका वस्तुहरु तस्करले घर-घरमा स-साना व्यापारीलाई सजिलै पुर्याएका छन् । त्यसले गर्दा राजस्वको चुहावट विकराल अवस्थामा छ । राजस्वको लक्ष्य प्राप्ति नहुन तस्करी एउटा कारण बन्न पुगेको छ ।

अवैध माध्यमको हुण्डी होस् वा सुन तस्करी होस् वा अवैध तरिकाले विदेश जानेहरुले लगेको रकम होस् । यस्ता कारणहरुले गर्दा अनौपचारिक अर्थतन्त्र हावी हुन पुगेको छ । कहिलेकाहीं के पनि हुने गर्छ भने यस्ता अवैध कार्यले खपत हुने आर्थिक गतिविधि बढाउने गरेको देखिन्छ । तर, हामीकहाँ आर्थिक गतिविधि यस्ता कार्यले पनि बढाएको देखिएको छैन । बजार चलायमान नहुनुको कारण अवैध तरिकाले गरिएका धन्दाको पैसा पनि अवैध नै तरिकाले कतै गयो कि भन्ने हो । अवैध तरिकाबाट भएका कार्यबाट आएको रकम पनि कतै नै पुगेको हो कि भन्ने शंका हामीकहाँ बजार चलायमान नहुँदा पनि देखिन्छ । यस पाटोमा सरकारको ध्यान पुगेकै देखिएन ।

बैंकमा ५ खर्ब थन्किएको छ । बैंकमा रकम थुप्रिनुको कारण कि हामीले अँगालेको आर्थिक नीतिमा कमजोर छौं । कोभिडपछिको अवस्थालाई केही हदसम्म सम्बोधन गर्ने गरी मौद्रिक नीति ल्याइयो । धेरैको विचारमा मौद्रिक नीतिले एकैचोटि इमर्जेन्सी ब्रेक लगायो र व्यावहारिक हुन सकेन । अर्थतन्त्रले थेग्नै नसक्ने गरी हामीले ब्रेक लगाएको जस्तो देखिएको छ । विगतका विस्तारकारी नीतिले ठूलो रकम अनुत्पादक क्षेत्रमा लगानी भएको र अहिलेको बिरामी आन्तरिक अर्थतन्त्रले लगानीको प्रतिफल दिने गरी बजार चलायमान गराउन सकेन । सरकारले कित्ताकाट फुकुवा गरे पनि त्यो क्षेत्रमा आशा गरे अनुरुप गतिविधि बढेन ।

बैंकमा रकम पर्याप्त हुने तर लगानी भएको नदेखिनुमा लगानीको वातावरण नभएको र सरकारका र अन्य निकायका नीतिहरुमा समस्या भएको बुझ्नुपर्दछ । अर्थ मन्त्रालय र राष्ट्र बैंकमा बस्ने मूल दुई व्यक्तिले समस्यालाई नबुझेको हो कि निकट भविष्यमा अर्थतन्त्रले गति लिने संकेत छन् भन्ने महसुस भएर हो ? त्यो त दशैं-तिहार पछिको अवस्थाले देखाउला । जे भए पनि अहिले सबै तहका उद्यमीहरु निराश छन् र उनीहरुको समस्यालाई सम्बोधन गर्ने बिरामी रहेको अर्थतन्त्रलाई उकास्ने उपाय र वैकल्पिक विधि प्रस्तुत गर्न अर्थमन्त्री र गभर्नर दुवैले नसकेको देखिन्छ ।

राष्ट्र बैंकले कठोर खालको मौद्रिक नीति ल्यायो । उक्त नीति ल्याउँदा अर्थतन्त्रमा पर्न सक्ने असरको पूर्व आकलन नै गरिएन । संकट निम्तियो भने सुल्झाउने उपाय नै दिन सकेनन् । संकट आयो भने वैकल्पिक विधि के अपनाउने निश्चित गर्न सबै निकायले सकेनन् ।

बैंकमा पर्याप्त रकम हुँदा पनि ब्याजदर घट्न सकेको छैन । ब्याजदर नघट्नु भनेकै त्यहाँ केही न केही गलत विधि अपनाइएको छ भन्ने हो । सरकार वा राष्ट्र बैंकले सम्बोधन गर्नुपर्ने थियो, गर्न सकेको देखिएन । ब्याजदरमा सरकारले हस्तक्षेप नगर्ने नीति हो भन्ने हो भने लगानी नहुँदा त ब्याजदर घट्नुपर्ने हो । कतै न कतै राज्यका निकायप्रति लगानीकर्ताको विश्वास नभएको देखिन्छ ।

अहिले विशेषत: ठूला ऋणीहरुको समस्या मात्रै बढी उठेको छ । पीडित उनीहरु छन् नै । तर, समस्याको छलफल उनीहरुको मात्रै भएर हुँदैन । साना, मझौला खालका व्यवसायी तथा उद्यमी समस्या चुलिएको छ । साना, मझौला व्यवसाय गर्नेहरुको समस्यामा आधारित रहेर डिस्कोर्स चल्न सकेन ।

साना उद्यमीहरुले बहुमत रोजगारी सिर्जना गरेका छन् । तर उनीहरु आफैं पीडित बनेका छन् । शटरहरु बन्द हुने क्रम बढेको छ । आन्तरिक लगानी नभएपछि उत्पादन वृद्धि नहुने नै भयो । दशैंको नजिक छौं । बजारको चहलपहल अहिलेसम्म खासै देखिंदैन । क्रयशक्तिमा आएको कमिले गर्दा खपत स्वत: घट्न पुगेको छ । अचम्म त स्वास्थ्य क्षेत्रमा पनि खपत कम भएको भनिएको छ सम्बन्धित क्षेत्र, व्यवसाय गर्नेले ।

बैंकको कालोसूचीमा पर्ने व्यक्तिहरु बढेका छन् । देशका कतिपय जिल्लामा बैंकले धेरै घरहरुलाई लिलामीमा राखेको छ, बिक्री गर्न सकेको छैन । लिलामीमा राखेको घरलाई किन्न सक्ने क्षमता देखिँदैन ।

ब्याज बढी, ढुवानी महँगो, प्रक्रियागत झन्झट आदिले हामीले उत्पादन गर्ने वस्तुमा लागत नै बढी भएपछि आयात गर्ने वस्तुलाई प्रतिस्थापन कसरी गर्न सकिन्छ ? आयात प्रतिस्थापन त सपना मात्रै हुनेभयो । बाह्य सामानसँग प्रतिस्पर्धा गर्ने गरी हामीकहाँ लागत घटाउन सकेका छैनौं । हामीले आन्तरिक उत्पादन र आत्मनिर्भर अर्थतन्त्रलाई छाडेर आयातलाई मात्र बढी हेर्यौं । मूल्य नबढाई उत्पादकको लगानी उठ्दैन । मूल्य बढाउँदा बजारमा प्रतिस्पर्धा गर्न कठिन हुन्छ । मूल्य बढेपछि स्वाभाविक खपत कम हुन्छ, खपत कम हुनु भनेकै आर्थिक गतिविधि कम भयो र राजस्वमा कमि भयो ।

काठमाडौंका सडक व्यापारीहरुले थोरै नै अंश किन नहोस्, आर्थिक गतिविधिलाई टेवा पुर्याएका थिए । दैनिक, साता, मासिक रुपमा सहकारीहरुमा रकम जम्मा गर्थे । सहकारीबाट ऋण लिन्थे । त्यो अर्थतन्त्र अहिले खल्बलिएको छ । सहकारीहरु घाटामा गए । सहकारीमा रकम जम्मा गर्नेहरुको ठूलो संख्या संकटमा पुग्यो । पीडित व्यवसायी कतिपय विदेशिए । आयातित सामान बेच्दै आएको भए पनि उनीहरुको व्यापार बन्द भएपछि त्यसबाट पनि उपभोग गर्नेहरु घट्न पुगे । उनीहरुको संकटबाट राहत दिने बारे केन्द्रीय वा स्थानीय सरकार कुनैले पनि सुनेनन् । शिथिल अर्थतन्त्रलाई पूरै बेवास्ता गरेर हामीले अरु राजनीतिकका आयामतिर ध्यान दियौं, अर्थतन्त्रले भन्दा अन्य राजनीतिक मुद्दाले सरकार र समाजको ध्यान खिच्यो ।

कर्पोरेट हाउजिङ भाडामा लिनेहरु बढी मारमा छन् । धेरै ठाउँमा अग्रिम कर पनि कटाउनुपर्ने र स्थानीय सरकारलाई समेत कर तिर्नुपरेको घटनाहरु भएका छन् । यसमा समन्वय हुनसकेको छैन । यसले पनि समस्या भएको छ । ब्याजदर बढेको हुनाले जलविद्युतमा विद्युतीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) हुनसकेको छैन । सबै पर्ख र हेरको अवस्थामा छन् । पीपीए गरेका वित्तीय व्यवस्था गरिनसकेकाहरुलाई खोलामा जलविद्युत आयोजना राखिस् भन्ने आरोप लाग्छ । तर, बजारको १२-१६ प्रतिशत ब्याजमा ऋण लिएर फाइनान्सियल क्लोजर गर्न लगानीकर्ताहरु हिच्किचाएका छन् ।

जलविद्युतमा अहिले जुन स्पिडमा गइरहेका छन्, त्यो स्पिडमा जान नपाउने हो भने भोलि केही वर्षपछि सिमेन्ट, छड सहित अन्य निर्माण क्षेत्रको समेत खपत प्रभावित हुन्छ । अहिलेको कारणले आगामी जलविद्युत् निर्माणको वृद्धिको ट्रेन्ड नै प्रभावित हुने जोखिम रहन्छ । अहिले नै निर्माण सामग्रीको खपत ३०-३५ प्रतिशत मात्र भइरहेको छ । यो अब यही ट्रेन्डमा निरन्तर जाने सम्भावना छ । हाइड्रोपावर नबन्ने, पूँजीगत खर्चमा जम्मा ३ खर्ब रुपैयाँ मात्र विनियोजन गर्ने र ६० प्रतिशत मात्र खर्च हुने एवं निजी क्षेत्रको पूर्वाधारमा लगानी नै नहुने अवस्थामा निर्माण क्षेत्रमा निर्माण सामग्रीको खपत प्रभावित हुन्छ ।

हाम्रो उत्पादन कि निर्यात गर्न सरकारले सहजीकरण गर्न सक्नुपर्यो । आन्तरिक उत्पादन आन्तरिक बजारमै खपत लामो समयसम्म टिकिराख्ने अवस्था नहुँदा नकारात्मक प्रभाव हुन्छ । उत्पादनको क्षमता घटाउने र उत्पादन पनि खपत नहुने हो भने उद्योगले आफ्नो लगानीको प्रतिफल प्राप्त गर्ने कठिन भई थप लगानी नहुन सक्दछ त्यसकारण यो पनि एउटा औद्योगिक क्राइसिसको अवस्था देखिन्छ ।

अर्कोतर्फ विभिन्न क्षेत्रमा हाम्रो अनुमानित माग कति हो, कति निर्यात गर्न सक्छौं भनेर त्यसको सालाखाला अनुमानित यथार्थ देखाइदिनुपर्छ सरकारले । त्यसो गर्न सकियो भने विना जोखिम अध्ययन लगानी गर्ने लगानीकर्ता डुब्दैन । हाम्रो खुला बजार, पोर्ट नै पोर्ट भएको देश भएको भए जहाँ पनि निर्यात गर्न सक्ने थियौं । तर हाम्रो निर्यात गर्ने बजारमा सीमितता रहेको छ । बाह्य बजारमा पहुँचको सीमितता भएको मुलुकले कुन क्षेत्रमा सम्भावना छ भनेर एउटा ह्वाइट पेपर त निकाल्दिनुपर्छ ।

नेपालको सिमेन्टको आवश्यकता यति हो, हामीले निर्यात गर्न चाहेमा यतिसम्म सम्भावना छ भनेर भन्दिनुपर्छ । जलविद्युतमा पनि यो खाका लगानीकर्ताहरुलाई भनिदिनुपर्छ । सिमेन्ट कम्पनीलाई त्यो नभन्दिएका कारण अहिले सिमेन्ट उद्योगहरु धेरै आइसकेका छन् । राम्रो पक्ष भनेको प्रतिस्पर्धाले मूल्य घटेको छ, तर धेरै उद्योग आउँदा तिनीहरुले आफ्नो कुल उत्पादन क्षमता प्रयोग गर्न पाएका छैनन् । लगानी उठ्न सकेको छैन । हाम्रो यो प्रकारको बजार नै होइन ।

हामी आन्तरिक बजारमा खुला भए पनि बाह्य बजारको पहुँचमा खुला रुपमा जान सकेका छैनौं । भारतभन्दा बाहिर सिमेन्टको निर्यात सोचिएकै छैन । त्यसकारण चाहे हाइड्रो होस् वा अन्य जुनसुकै क्षेत्रमा पनि नेपालले हाम्रो उत्पादन यति हुन्छ, आन्तरिक खपत सालाखाला यति हुन्छ र अरु निर्यातका लागि पहल गर्ने भन्दिने हो भने लगानीकर्ताले त्यही अनुसारको योजना बनाउँछ । आन्तरिक रुपमा उत्पादन खपत नहुने र निर्यात पनि नहुने हो भने अर्बौंको लगानी डुब्ने अवस्था आयो भने आखिर बैंकिङ नै डुब्ने हो । अहिले सिमेन्ट उद्योगमा ठूलो लगानी भइरहेको छ र यदि सरकार र निजी क्षेत्र मिलेर निर्यातलाई सजिलो नबनाउने हो भने अवस्था त्यस्तै त्यस्तै देखिन्छ ।

हाम्रो सेवा क्षेत्रतर्फ नीतिगत र संरचनागत सुधारको आवश्यकता छ । नेपालमा करिब ३० लाख विभिन्न खालका पर्यटकलाई पुग्ने होटलका रुमहरुको व्यवस्था छ भनिन्छ । तर हामीले वार्षिक १० लाखभन्दा बढी पर्यटक ल्याउन सकेका छैनौं । यतातिर प्रकृयागत, एयर पोर्ट, अध्यागमन, अन्तर मन्त्रालय समन्वय, हवाई सुरक्षा, सुविधा र गन्तव्यका विविधीकरण लगायत आयाममा सुधारको खाँचो छ । यस क्षेत्रले वैदेशिक मुद्राको आर्जन र विकेन्द्रित रुपमा रोजगारीका अवसरहरु सिर्जना गर्ने छ ।

अर्को सुधार कुरेर बसेको उच्च शिक्षाको क्षेत्र हो । हाम्रो मेडिकल एजुकेसनमा अहिले संकट छ । यसमा राम्रो लगानीलाई प्रोत्साहन गरेर गुणस्तर कायम गर्ने हो भने नेपालले मनग्ये आम्दानी गर्ने र गुणस्तरीय जनशक्ति उत्पादन गर्न सक्दछ तर अहिले अनुगमन फितलो र संकीर्ण खालको साँघुरो सोचाइबाट नीतिहरु बनाइँदा र समन्वय राम्रो नहुँदा ठूलो मात्रामा नेपाली विद्यार्थीले विदेशमा अध्ययनका लागि पैसा लगेर गए जबकि त्यहाँको गुणस्तर यहाँको भन्दा राम्रो छ भन्न सकिँदैन । औपचारिक वा अनौपचारिक रुपमा बाहिर पैसा गयो । उच्च शिक्षा आर्थिक गतिविधि बढाउने ठूलो क्षेत्र हुन सक्दछ र क्रस सब्सिडीले धेरै नेपालीले छात्रवृत्ति पनि पाउँथे ।

पूर्वाधारको पनि कुन क्षेत्रमा हामीले लगानी गर्ने हो, अब त्यसको प्राथमिकता छुट्याउनुपर्छ । हामीले २-२ वटा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल बनायौं ती चल्न सकेका छैनन् । यस्तै किसिमले थुप्रै राष्ट्रिय गौरवका आयोजना बनायौं । तर, ती बेलैमा सम्पन्न गर्न नसक्दा आयोजना अति महँगा भएका छन् । प्रधानमन्त्री कार्यालयले वार रुम बनाएर यी सबै परियोजनालाई गति दिने भनेको थियो । तर, तपाईंले अहिले औंलामा गनेर कुन परियोजना कहिले सम्पन्न हुन्छ भनेर भन्न लगाउनुहोस्, कसैले पनि भन्न सक्दैन । भन्नाले अहिले निर्माणको काम रोकेर बसे पनि सरकारलाई कुनै प्रभाव पर्ने छैन किनकि सरकारले ती आयोजना परियोजना ढिला हुनुका करिब दुई दर्जन कारणमा कानुनी, प्रकृयागत, संरचनागत, समन्वय, स्रोतको सुनिश्चितता, जनशक्तिको व्यवस्थापन लगायत कुरामा धेरै सुधार गर्नुपर्ने थिति राखेर बसेको छ ।

आयोजना परियोजना समयमा सम्पन्न नगर्दा सरकारमा बसेकालाई केही हुन्न तर बजार लाई त पर्छ नि ! यस किसिमको प्यासिभनेश (सुस्तता र निष्क्रियता)ले हामी अगाडि बढ्न सक्दैनौं । पूर्वाधारमा होस् चाहे विदेशी लगानी परिचालन गर्नेमा होस् वा आन्तरिक स्रोतका लगानी हुन्, सबैमा सरकारको उदासीनता उही छ, समस्या ज्यूँका त्यूँ छन् । नीतिगत सुधार, संरचनात्मक सुधार कुनैमा पनि सरकारको ध्यानै छैन ।

खपत घट्नुमा करिब २० लाख युवा औपचारिक, अनौपचारिक रुपमा विदेश गए । खपत घटेसँगै हामीलाई चाहिने दक्ष श्रमशक्ति पनि विदेशियो । यसले अन्तरालमा नेपालको उत्पादनको प्रभावकारिता घट्छ । किनकि दक्ष र उत्पादनशील जनशक्ति त हामीले विदेश पठाएका छौं । यसको मतलब उत्पादकत्व घट्छ, यो हुनु भनेको मूल्य बढ्नु हो, मूल्य बढेपछि सबैतिर असर गर्छ । यसको सुधारमा सरकारले कुनै सोच राखेको छैन ।

हरेक दिन ठूलो-सानो व्यापारीले आत्महत्या गरिरहेको छ । अर्थमन्त्री, गभर्नर र माथिल्लो तहका नेताहरुले उज्यालो भविष्य छ, लगानी गर्नुहोस् भनेर आश्वस्त पार्न सकेका छैनन् र सानो ठूलो लगानीकर्ता वा लगानी गर्न इच्छुक कसैको पनि विश्वास जित्न सकेको छैन सरकारले । एकअर्कालाई आरोप लगाएर बसिरहेका छन् । जसबाट लगानी गर्नेलाई स्वरोजगार गर्नेलाई प्रोत्साहन मिल्नुपर्ने थियो, उनीहरुबाटै निरुत्साहित गर्ने खालका भाषण, वक्तव्यहरु आइरहेका छन् ।

यसले विदेशी लगानी समेत निरुत्साहित हुन्छ । सेवा क्षेत्र होस् वा उत्पादनशील क्षेत्रमा सुरक्षाको प्रत्याभूति छैन । भ्रष्टाचारमा सुधार हुनसकेको छैन । सुशासनको प्रत्याभूति गराउन सकिएको छैन । नीतिगत अस्थिरता हाम्रोमा व्यापक छ । सरकारले अन्त:शुल्कमा पनि हठात् परिवर्तन गरेका खबरहरु छन् ।यस परिस्थितिमा ठूला वैदेशिक र स्वदेशी लगानी आउने कल्पना नगरे पनि हुन्छ ।

सेयर मार्केटको मूल्य घटबढ हुनु सामान्य भए पनि लगातार घट्नु वा लगानीको माहोल नहुनुको मतलब सरकार र यसका नीति प्रति बजार विश्वस्त हुन सकेन । अहिलेको सरकारको नेतृत्व र संस्थाले ल्याएका नीति र उनीहरुको व्यवहार, भनाइलाई बजारले विश्वास गरेन । सोही कारण समग्र अर्थतन्त्र संकटमा पुगेको हो ।

अहिले सरकार यति गैरजिम्मेवार छ कि, अर्थमन्त्रीले ६ महिनामा ३ वटा सचिव परिवर्तन गरिसक्नुभयो । त्यहाँ सचिव समस्या हो कि अर्थमन्त्री समस्या हो ? अर्थतन्त्रमा सचिव समस्या हो कि अर्थमन्त्री नै समस्या हो भन्ने प्रश्न उठेको छ । एउटाबाट अर्को ल्याउँदा त केही समाधान त आउनुपर्ने नि ! जुन हिसाबले राजनीतिक स्तरबाट संस्थागत अस्थिरता बढाइएको छ यसले सुशासनको खिल्ली उडाएको छ । उहाँहरुलाई रिफर्मको तरिका नै थाहा छैन । रिफर्म सचिव सरुवा गरेर हुँदैन ।

फजुल खर्चका गतिविधिमा पनि सुधार गरिएको छैन । संरचनाहरु फुटाउने, बनाउने, आफ्नो ढंगले नियुक्त गर्ने, फजुल खर्च बढाउने र ऋण लिएर ऋण तिर्नुपर्ने अवस्था बनाइएको छ । सार्वजनिक ऋण जसरी बढ्दै गइरहेको छ, यसले भोलि समस्या निम्तिन सक्छ । अरु देश जस्तै टाट नपल्टिए पनि देशको अर्थतन्त्र गरिखानेका लागि बिरामी छ भन्ने संकेत देखिएको छ । सरकार निरीह भयो ।

अहिलेको अवस्थाबाट पार पाउन थुप्रै सुधार गर्नुपर्छ । त्यसका लागि सुशासन सबैभन्दा प्रमुख पक्ष हो भन्ने चेत राजनीतिक नेतृत्वमा हुनुपर्छ । अहिलेको सुशासनको बेथितिलाई कन्ट्रोल गर्नुपर्दछ । व्यापक रुपमा तस्करी र सरकारी र कमको दुरुपयोग रोक्नुपर्दछ । अहिले सुधार सुरु गर्दा सरकारले उत्पादनशील क्षेत्रमा खर्च बढाउने गरी गर्नुपर्यो ।

हाम्रा पूर्वाधारका क्षेत्रमा खर्च बढाउन करिब दुई दर्जन कारणको तुरुन्त सम्बोधन गर्न शुरुआत गरौं जसबाट पूँजीगत खर्च हुन थाल्छ र बजर चलायमान हुन्छ । त्यसपछि स्थानीय र प्रदेश सरकारको समन्वयमा कृषि क्षेत्रमा आयात प्रतिस्थापनमा जोड दिऔं । यसमा सरकारले निजी क्षेत्र, किसान, सरकारी संरचना र स्थानीय सरकारहरुलाई समन्वयात्मक रुपमा क्लस्टर छुट्याएर उत्पादन थाल्ने हो भने एक वर्षमा नै परिवर्तन देखिन्छ ।

तेस्रो पक्ष भनेको अहिलेको कसिलो मौद्रिक नीतिलाई दीर्घकालीन असर नपर्ने गरी केही खुकुलो बनाउने तर अनुगमन बढाउने हो भने संकटमा परेका उद्यमीहरु फेरि गतिशील हुन थाल्दछन् र बजार चलायमान हुन्छ । सरकारले करिब ३ खर्ब जति निर्माण व्यवसायीहरुको भुक्तानी दिन बाँकी छ भन्ने उनीहरुबाटै सुनिएको छ । यदि सही हो र यो रकम भुक्तानी दिने हो भने पनि बजार चलायमान हुन्छ ।

*(साभार: अनलाइनखबर)*

### इन्जिनियरिङको शुल्क विवाद :

# स्ववियु र विद्यार्थी संगठनमाथि लाग्यो डिन अपहरणको आरोप

काठमाडौं/इन्जिनियरिङ शिक्षाको स्नातक तहको अध्ययन शुल्कलाई लिएर इन्जिनियरिङ अध्ययन संस्थान (आईओई) र विद्यार्थी संगठनहरुबीच भइरहेको विवादले नयाँ रुप लिएको छ ।

पुल्चोक क्याम्पसको ६ जना विभागीय प्रमुखहरुले विद्यार्थी संगठनहरुमाथि डिन र सहायक डिनलाई अपहरण गरेर पुरानै शुल्कमा भर्ना लिने भनेर सूचना निकाल्न बाध्य बनाएको आरोप लगाएका छन् । साथै स्ववियुलाई विभागको जिम्मा लगाउने घोषणा गरेका छन् । पुल्चोकका स्ववियु सभापतिले भने डिनले नै आफूहरुलाई शिवपुरीमा लगेको दाबी गरेका छन् ।

**के हो विवाद ?**

इन्जिनियरिङ अध्ययन संस्थानले यो वर्षदेखि शुल्क बढाउन चाहेको थियो । ७ लाख ७५ हजार शुल्क तोकिएपछि विद्यार्थी संगठनहरु आन्दोलनमा उत्रिए, अनसनमा बसे ।

सुरुमा त्रिवि र सत्तारुढ विद्यार्थी संगठन, त्यसपछि त्रिवि, संस्थान र अरु विद्यार्थी संगठनबीच सहमति भएपछि आन्दोलन रोकियो । त्यो बेला शुल्क पुनरावलोकन गर्ने सहमति भएको थियो ।

त्यसअनुसार बनेको समितिले इन्जिनियरिङ अध्ययनका लागि ५ लाख ५४ हजार नयाँ शुल्क सिफारिस गऱ्यो । तर विद्यार्थी संगठनहरु यसमा सहमत भएनन् । उनीहरुले ४ लाख ५० हजार मात्र शुल्क राख्नुपर्ने बताएपनि डिन कार्यालयले नयाँ शुल्कबारे निर्णय गर्न सकेन ।

सोमबार राति एकाएक इन्जिनियरिङ अध्ययन संस्थानका डिन प्रा.डा.शशीधर राम जोशीको हस्ताक्षरसहित विज्ञप्ति जारी भयो, जसमा पुरानै शुल्क (तीन लाख १८ हजार) अनुसार भर्ना लिने र असोज २२ गतेदेखि प्रवेश परीक्षा सञ्चालन गर्ने उल्लेख छ ।

एकाएक नयाँ सूचना आएपछि प्राध्यापकहरु आश्चर्यमा परे । सोधीखोजी गर्दा स्ववियु र विद्यार्थी संगठनका नेताहरुले डिन र सहायक डिनलाई अपहरण गरेर यस्तो वक्तव्य जारी गर्न लागाएको पाएको उनीहरुले बताएका छन् ।



पुल्चोक क्याम्पसका अप्लाइड साइन्स तथा केमिकल इ. विभागका प्रमुख प्रा. डा. हेमराज पन्त भन्छन्, 'आज विहान डिन र सहायक डिनलाई के भएको हो भन्दा हामीलाई ट्र्यापमा पारे, त्यो भएर यस्तो यस्तो गऱ्यौं भन्नुभयो ।'

उनका अनुसार सोमबार सहमति गर्छौं, नोटिस निकाल्नुपऱ्यो भनेर डिन र सहायक डिनलाई अपहरण गरेर शिवपुरी लगेको र बलपूर्वक वक्तव्य जारी गर्न लगाइएको हो । भन्छन्, 'धम्क्याएर हस्ताक्षर गर्न लगाएका हुन्, यसरी संस्थान चल्दैन ।'

पुल्चोकका ६ विभागीय प्रमुखले संयुक्त वक्तव्य जारी गर्दै स्ववियु सभापतिहरुलाई विभागको सम्पूर्ण कार्य सञ्चालनको जिम्मेवारी सुम्पिएको बताएका छन् ।

१२ असोजमा तीन वटै क्याम्पसका स्ववियु सभापतिले वक्तव्य निकालेर अहिलेभन्दा राम्रोसँग क्याम्पस चलाउँछौं भनेको स्मरण गर्दै वक्तव्यमा भनिएको छ, "उच्च आकांक्षा बोकेका स्ववियु सभापतिहरुलाई विभाग चलाउन मार्ग प्रशस्त गरिदिने सल्लाह भएकाले विभागका सम्पूर्ण कार्य सञ्चालन जिम्मेवारी सम्पिएको जानकारी गराउँदछौं ।'

पुल्चोक क्याम्पसका स्ववियु सभापति विराज अर्याल भने आफूहरुले डिन र सहायक डिनलाई अपहरण नै नगरेको दाबी गर्छन् । सहायक डिनले डिन कहाँ लैजान्छु भनेर शिवपुरीमा लगेको र विद्यार्थी संगठनका नेताहरु डाँडागाउँमा लगेर सहमति गराएको बताए ।

सहमति गराउन अनेरास्ववियूका केन्द्रीय उपाध्यक्ष गोविन्द गिरी, अखिल क्रान्तिकारीको केन्द्रीय उपाध्यक्ष केशव रावल, नेविसंघको केन्द्रीय सदस्य आदर्श मल्ल लगायतका विद्यार्थी सहभागी थिए ।

**हामी नै अपहरणमा पऱ्यौं : स्ववियु अध्यक्ष अर्याल**

शिवपुरीको डाँडागाउँ स्थित ग्रिन भ्यू रिसोर्टमा सहमति भएको हो । हामीले सुशील सरलाई डिन सरसँग भेट्छौं भन्दा ल आउ, तर कहाँ हो ठाउँ भन्दिन भनेर बोलाउनुभयो । म मेरो गाडी लिएर जान्छु भन्दा दिनुभएन । मेरै गाडीमा जानुपर्छ भन्नुभयो । हामी गाडीमा बस्नेवित्तिकै फोन स्वीच अफ गर्न लगाएर फोन दिन भन्नुभयो । हामीले त्यसै गऱ्यौं । त्यसपछि उहाँले नक्साल भाटभटेनीबाट डिन सरलाई पिकअप गर्नुभयो ।

बालुवाटारतिरै बस्ने होला भनेको त महाराजगञ्ज हुँदै शिवपुरीको रिसोर्टमा लानुभयो । रिसोर्टमा पुगेपछि म:म र कफी खाँदै गफ गरिरहेको थियौं, विद्यार्थी संगठनका साथीहरु खुफिया पारामा आउनुभयो । कहाँबाट कसरी आउनुभयो मलाई पनि थाहा छैन । छलफल गर्नका निम्ति डिन सरलाई भेटौं भनेर डाँडागाउँ लिएर जानुभयो ।

**भोलिदेखि हामी काम गर्दैनौं : प्रा. डा. हेमराज पन्त**

१२ गते पुल्चोक, थापाथली र पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पस धरानको तीन वटा स्ववियुले क्याम्पस यो भन्दा राम्रो चलाउन सक्छौं भनेर विज्ञप्ति निकालेको तपाईहरुले हेर्नुभएको होला । विद्यार्थीहरुले निकालेको विषयमा हामी किन बोल्ने भनेर चुप बसेका थियौं ।

हिजो सहमति गर्छौं, नोटिस निकाल्नुपऱ्यो भनेर हाम्रो सहायक डिनलाई अपहरण गरेर शिवपुरी लगे । ५०/६० जनाको विद्यार्थीहरुको झुण्डले घेरेर पुरानै शुल्कमा भर्ना गर्ने भनेर नोटिस निकाल्न दबाब दिए । यता अपलोड गर्न भनियो । तर बोर्डले पास गर्नुपर्छ, अनि बल्ल गर्छौं भनेपछि पुलिस पनि पुग्यो । राति ९/१० बजे सहायक डिनलाई बोकेर डिन अफिस ल्याए, घेरेर नोटिस निकाल्न लगाए ।

आज विहान डिन र सहायक डिनलाई के भएको हो भन्दा हामीलाई ट्र्यापमा पारे, त्यो भएर यस्तो यस्तो गऱ्यौं भनेपछि हामीले यो विज्ञप्ति निकालेका हौं । भोलि निकासबारे थप छलफल गर्छौं ।

अहिले भर्नासम्बन्धी आधिकारिक सूचना आएकै छैन । कनकी यो अधिकार कमिटीको अध्यक्षलाई हुन्छ । अहिले स्ववियुको पहलमा नेविसंघ, अखिल क्रान्तिकारी लगायत विद्यार्थी संगठनले डिन/सहायक डिनलाई ट्र्यापमा पारेर सूचना निकाल्न लगाएका हुन्, उनीहरु नै फेसबुक लगायतका सञ्जालमा राखेका हुन् । लेटर फेक होइन, तर धम्क्याएर हस्ताक्षर गर्न लगाएका हुन् । यसरी संस्थान चल्दैन ।

यो इन्जिनियरिङ अध्ययन संस्थानलाई धरासायी बनाउने खेल हो । पछिल्ला वर्षमा संस्था घाटामा छ । कोरोनाले सेमेस्टर सिस्टममा ओभरल्यापिङ पनि भएको छ, यसलाई सुधार गर्न दुईवटा सेसन पनि चलाउनुपऱ्यो भनेर हामीले शुल्क पनि पुनरावलोकन गर्न खोजेका हौं । यसै पनि एउटै सेमेस्टर पनि नचल्ने अवस्थामा दुईवटा सेमेस्टर चलाउने, शुल्क चाहिँ नबढ्ने हो भने डिपार्टमेन्ट चिफहरुले शिक्षकहरु खोजेर सञ्चालन गर्न सक्दैनन् भनेर आज भनेका हुन् ।

हामीले ३ लाख १० हजार शुल्क राख्दा निजी कलेजहरुले १ लाख ८० हजार शुल्क राखेका थिए । यो महंगो भयो भनेर ८० हजारमा सुरु गरे । त्यो अहिले १६ लाख पुगेको छ । तर हाम्रो २०५५ सालमा जति लिएका थियौं, त्यो अहिलेसम्म बढाउन सकिएको छैन ।

अरु क्याम्पसले पनि यस्तै राजनीतिक दबावका कारण सकेनन् होला, अब चाहिँ नचल्ने स्थितिमा पुग्यो । अब या त सरकारले अनुदान दिनुपऱ्यो या शुल्कबाटै चलाउन दिनुपऱ्यो । सरकारले पाँच पैसा पनि दिन सक्दैन भनेपछि शुल्क बनाउनुको विकल्प रहेन ।

विल्डिङ बनाउने, ल्याब बनाउने कहीँबाट ल्याउला, तर मास्टरहरुलाई तलब खुवाउन नसकिने अवस्था छ । म केमिकल इञ्जिनियरिङको विभागीय प्रमुख र प्राध्यापक संघको सभापति पनि हुँ । आजभन्दा २२ वर्ष अगाडि मेरो डिपार्टमेन्टमा जाँदा ५२ जना प्राध्यापक थिए ।

उनीहरु सबैलाई त्रिविबाट तलब आउँथ्यो । उनीहरुले अवकाश पाए, हामी १३ जना मात्र बाँकी छौं पर्मानेन्ट फ्याकल्टीहरु । जसको तलब सरकारले दिन्छ । बाँकी सबै करारमा छन्, जसलाई विद्यार्थीहरुबाट लिने शुल्कबाट तलब खुवाउनु पर्छ ।

अब शुल्क पुनरावलोकन नगर्ने हो भने तलब खुवाउन सक्दैनौं, कक्षा पनि सञ्चालन हुन सक्दैन । दुईवटा सेमेस्टर चलाउने योजना त धरासायी हुने नै भयो । यो अवस्थामा हामी डिपार्टमेन्टमा बस्न सक्दैनौं भनेर विज्ञप्ति निकालेका हौं ।

भोलिदेखि हामी विभागीय प्रमुखहरुले काम गर्दैनौं । हामीले मात्र होइन, सहायक क्याम्पस चिफ र क्याम्पस चिफले पनि भोलि नै डिनलाई राजीनामा बुझाउने छन् । सहायक डिन र डिनले पनि भोलि नै उपकुलपतिलाई राजीनामा बुझाउँछन् । त्यसपछि के निकास निस्कछ, हेरौं ।

*(स्रोत: अनलाइनखबर)*

# 'हात्तीछाप' पोस्टर : सौगात घोडामा सवार, दयाहाङको काखमा पाडो




काठमाडौं/'कबड्डी' र 'दुई नम्बरी'को हिट जोडी दयाहाङ राई र सौगात मल्लले एकसाथ अभिनय गरेको नयाँ फिल्म 'हात्तीछाप' आगामी माघ २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । उनीहरुबीचको सहकार्यकै कारण फिल्म व्यवसायिक रुपमा सफल हुने आधार बलियो छ । अघिल्लो महिना सार्वजनिक गरिएको सौगातको 'बोतल राजा' अवतारले फिल्मप्रति नै दर्शकमा कौतुहलता सृजना गरेको छ ।

यसबीच, फिल्मका मुख्य कलाकारहरुलाई समेटेर निर्माण टिमले दुईवटा पोस्टर सार्वजनिक गरेको छ । जसमध्ये एउटामा सौगात बन्दुकलाई काँधमा राखेर घोडामाथि सवार छन् । दयाहाङ भने काखमा पाडो बोकेर खुसी भावमा देखिएका छन् । उनको साथमा अभिनेत्री उपासना सिंह ठकुरी घाँसको मुठा काखी च्यापेर प्रस्तुत छन् । यसले उनीहरु दाम्पतीको भूमिकामा रहेको संकेत गर्छ ।

त्यस्तै, ग्रामीण भूगोललाई पृष्ठभूमिमा राखेर तयार पारिएको दोस्रो पोस्टरमा सौगात, दयाहाङ र उपासनाको साथमा वेनिशा हमाल, विजय बराल, बुद्धि तामाङ र विल्सन विक्रम राई पनि फिचर्ड छन् । पोस्टरमा ध्यान खिच्ने भनेको चाहिँ सौगातको लुक्स र गेटअपले हो । उनको चरित्र रिसाहा र सन्काहा हुनसक्ने आँकलन गर्न सकिन्छ । फिल्मले ग्रामीण जीवनको कथा बोल्ने पोस्टरबाट बुझिन्छ ।

सिमोस सुनुवारद्वारा निर्देशित 'हात्तीछाप'मा कमलमणी नेपाल, पुष्कर गुरुङ, प्रकाश घिमिरे, भोलाराज सापकोटा, बिनोद न्यौपाने, सुष्मा निरौला आदिको पनि अभिनय छ । प्रदीप भारद्वाजको लेखन, सुशन प्रजापतिको छायांकन र निमेष श्रेष्ठको सम्पादन रहेको फिल्मका प्रस्तुतकर्ता किरण नेपाली हुन् । पुष्कर गुरुङ र अमलादेवी राई निर्माताामा छन् । कार्यकारी निर्माता सरोज नेपाली हुन् ।

# 'दिमाग खराब'मा लगाम लगाएको घोडाजस्तै सीधा छु : निश्चल



काठमाडौं/निर्देशक निश्चल बस्नेतले डेब्यू फिल्म 'लुट'बाट नेपाली फिल्ममा परम्परागत कथावाचनको शैली नै परिवर्तन गरि दिए । नभए नेपाली फिल्म एकैखालको कथावाचनमा चलिरहेको थियो । नयाँ प्रयोग नै हुन सकेको थिएन । अर्कोतिर, देशभित्रै बजार खस्किँदो थियो । 'लुट'ले घरेलू बजारको आकार मात्र देखाएन, विदेशमा समेत सम्भावना देखाइदियो । त्यसैले 'लुट'लाई 'ट्रेन्ड सेटर' फिल्म भनिन्छ ।

'लुट'पछि निश्चलले फिल्म 'टलकजंग भर्सेस टुल्के' र 'लुट २'को निर्देशन गरे । तर, 'लुट २'को खराब समीक्षापछि निर्देशनबाटै टाढा बसेका उनी ६ वर्षपछि फिल्म 'दिमाग खराब'बाट निर्देशनमा फर्किएका छन्, जुन आगामी कात्तिक २५ गते (तिहार)बाट प्रदर्शनमा आउँदैछ । तीन हप्ताअघि युट्युबमा सार्वजनिक टिजर हेर्दा फिल्म राजनीतिक विषयवस्तुमा आधारित भएर बनेको बुझ्न सकिन्छ ।

तर, निर्देशक बस्नेत फिल्मभित्र राजनीतिक विषय भए पनि सामाजिक कथा रहेको दाबी गर्छन् । कुनै राजनीतिक एजेण्डामा फिल्म नबनाएको समेत उनको दाबी छ । सोमबार गीत रिलिज कार्यक्रममा उनले भने, 'मैले कुनै राजनीतिक एजेण्डामा फिल्म बनाएको होइन । म आफैंले पनि कुनै दलप्रति झुकाव राखेको छैन । यो विशुद्ध मनोरञ्जनात्मक फिल्म हो । सामाजिक कथामा बनेको छ ।'

राम्रो र रमाइलो फिल्म बनाउने प्रयत्न गरेको बताउँदै निश्चलले एउटा साधारण मान्छेको कथालाई प्रस्तुत गरिएको प्रष्ट्याए । 'एउटा साधारण मान्छेको आफ्नै भोगाईहरु हुन्छ । देशप्रति आशा हुन्छ । यी सबै चिजहरुले कसरी एउटा साधारण मान्छेको दिमाग खराब हुन पुग्छ भन्ने उत्तर खोज्न यो फिल्म बनाएका हौं,' उनले भने, 'फिल्ममा म लगाम लगाएको घोडा जस्तै सीधा छु । दायाँ-बायाँ छैन ।'

फिल्ममा अभिनेत्री स्वस्तिमा खड्काको मुख्य भूमिका छ । निश्चलले पहिलोपटक श्रीमतीलाई 'एक्सन-कट' गरेका हुन् । केही फिल्म र म्यूजिक भिडियोमा भने उनीहरुको सहकार्य भएको थियो । उनी 'बुलबुल', 'चिसो मान्छे' फिल्म हेरेपछि स्वस्तिमाको अभिनयमा आफूले धेरै परिपक्वता देखेको बताउँछन् । उनले फिल्ममा आफू स्वस्तिमासहित सबै कलाकारको कामबाट सन्तुष्ट रहेको बताए ।

निश्चलको कमब्याक फिल्म बक्स अफिसमा भने बलिउड सुपरस्टार सलमान खान अभिनीत फिल्म 'टाइगर ३'सँग भिड्दैछ । ठूलो विदेशी फिल्मसँग भिड्दा नेपाली फिल्ममाथि शोमा विभेद भएका कयैन् उदाहरण छन् । तर, निश्चल यसपटक त्यो नहुनेमा विश्वस्त देखिन्छन् । राम्रो फिल्मको शो बढ्दै जाने भएकाले कमसेकम सुरुमा बराबर शो दिने परम्पराको विकास हुनुपर्ने उनको जोड छ ।

# चामल, मैदा, चिउरा र खानेतेलको होलसेल मूल्य घट्यो

काठमाडौं/दशैं तिहार जस्ता चाडपर्व नजिकिए पनि उल्लेख्य व्यापार नभएपछि खाद्यान्न उत्पादकहरूले केही खाद्यान्नको मूल्य घटाएका छन् । पछिल्लो दुई साताको अवधिमा प्रमुख खाद्यान्नहरू चामल, खानेतेल, चिउरा र मैदा तथा आँटाको मूल्य घटेको होलसेल व्यापारीले दावी गरेका छन् ।

होलसेलमा खाद्यान्नको मूल्य घटे पनि उपभोक्तालाई जानकारी नहुँदा खुद्रा मूल्य महँगो भएको हुनसक्ने नेपाल खाद्य किराना तथा थोक व्यवसायी संघले जनाएको छ । चिनी, गेडागुडी र दलहन बाहेकका खाद्य वस्तुमा मूल्य ओरालो लागेको संघका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठले बताए । 'चामल, तेल, आँटा पीठो लगायतको खाद्यान्नको मूल्य होलसेलमा घटेको छ । यस वर्ष खासै ठूलो कारोबार पनि छैन।'

बजारमा ठूलो कारोबार समेत नहुँदा होलसेलमा खाद्यान्न सस्तो हुन थालेको टोखा चेम्बर आफ कमर्सका अध्यक्ष एवम् होलसेल व्यवसायी सञ्जय फुयाँलले पनि दावी गरे । 'पछिल्ला दुई सातामा सबै प्रकारका चामल, खानेतेल, मैदा र चिउराको मूल्य घटेको छ' फुयाँलले अनलाइनखबरसँग भने, 'होलसेलमा घटेको मूल्य खुद्रामा पास नभएको हुनसक्छ । उपभोक्ता जागरुक हुनुपऱ्यो ।'

**कुन खाद्यान्नमा, कति घट्यो मूल्य ?**

उनका अनुसार सबै प्रकारका चामलको मूल्य किलोमा २ रुपैयाँले घटेको छ । बजारमा हाल बिक्रीमा रहेको सोना मन्सुली, जिरा मसिनो, लङग्रेनदेखि मोटा चामलको मूल्य प्रतिबोरा ५० रुपैयाँले घटेको उनले बताए । बजारमा धेरै मात्रामा बिक्री भइरहेको जिरा मसिना चामलको मूल्य ब्राण्डअनुसार घटेको छ ।

२३ सय रुपैयाँ पर्ने २५ किलोको बोराको चामलको मूल्य २२ सय ५०, २२ सय रुपैयाँ पर्ने २५ किलोको चामलको मूल्य २१ सय ५० र २१ सय रुपैयाँ पर्ने चामलको मूल्य होलसेलमा घटेर २ हजार ५० रुपैयाँमा झरेको छ । यस्तै, २५ किलोको बोरालाई १९ सय ५० रुपैयाँ पर्ने मन्सुली चामलको मूल्य १०० रुपैयाँले घटेर १८ सय ५० रुपैयाँमा आइपुगेको छ ।

यस्तै खाने तलेको मूल्य होलसेलमै लिटरमा २२ रुपैयाँसम्मले सस्तो भएको छ । दुई सय रुपैयाँसम्म लिटरमा होलसेलमा बिक्री भइरहेको तेलको मूल्य १७८ रुपैयाँसम्मले घटेको छ । तोरीको तेलको मूल्य लिटरमा १० रुपैयाँले घट्दा सबै प्रकारका सूर्यमुखी तेल र भटमासको तेलको मूल्य भने लिटरमा २२ रुपैयाँले घटेको हो ।

नयाँ मूल्यअनुसार १७८ रुपैयाँ होलसेलमा सूर्यमुखी र भटमास तेल, १९० रुपैयाँ लिटरमा तोरीको तेल आइपुगेको छ ।

मैदाको मूल्य पनि किलोमा ३ रुपैयाँले घटेको छ । किलोमा ५९ रुपैयाँ पर्ने मैदाको मूल्य अब ५६ रुपैयाँमा आइपुगेको छ । विभिन्न ब्राण्डको प्याकेजिङमा हुने आँटाको मूल्य पनि किलोमा ३ रुपैयाँले घटेको छ । ६५ देखि ७० रुपैयाँ किलोमा बिक्री भइहेको आँटाको मूल्य अब कम्तीमा ६२ रुपैयाँसम्म आइपुगेको छ । यस्तै चिउराको मूल्य प्रतिकिलो ५० रुपैयाँ रहेको चिउराको मूल्य घटेर ४७ रुपैयाँमा झरेको छ ।

**चिनी, दाल र मसला भने महागियो**

दशैंअघि चिनी, गेडागुडी, दलहन र मसलाको भने महँगिएको छ । एक महिनाअघि होलसेलमा ८० रुपैयाँमा पाइने चिनीको मूल्य अहिले १३० रुपैयाँसम्म पुऱ्याइको फुयाँल बताउँछन् । यस्तै, गत वर्ष ५ सय ५० रुपैयाँ किलोमा पाइने जिरा अहिले १ हजार ३५० रुपैयाँ किलो पुगेको छ ।

यस्तै, सबै प्रकारका दालहन र गेडागुडीको मूल्य पनि दशैंको मुखमा बढेको छ । रहर दाल प्रतिकिलो २१० रुपैयाँबाट बढेर २६० रुपैयाँ पुगेको छ । मासको दाल १७० रुपैयाँ किलोबाट बढेर १८० रुपैयाँ पुगेको छ । सरकारले आयात प्रतिबन्ध लगाएका कारण केराउ बजारमा अवैध रुपमा कारोबार भएरहेको संघले जनाएको छ । जसको कुनै स्थिर मूल्य छैन ।

*(स्रोत: अनलाइनखबर)*

# निकुञ्ज तथा संरक्षित क्षेत्रभित्र जलविद्युत् आयोजना निर्माणमा कडाइ

काठमाडौं/नेपाल सरकारले निकुञ्ज तथा संरक्षित क्षेत्रभित्र बहने नदीमा जलविद्युत् आयोजना निर्माणमा कडाइ गर्ने गरी कानुनी प्रबन्ध गर्ने भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०८० को मस्यौदा र संरक्षित क्षेत्रमा भौतिक पूर्वाधार सम्बन्धी कार्यविधि २०८० को मस्यौदा सार्वजनिक गर्दै सरकारले दुवै कानुनमा राष्ट्रिय निकुञ्ज र आरक्ष क्षेत्र भित्र एउटै नदी प्रवाहमा एक स्थान भन्दा बढी स्थानबाट विद्युत उत्पादन गर्ने गरी सहमति प्रदान नगरिने प्रावधान ल्याउन लागेको जानकारी दिएको छ ।

वन तथा वातावरण मन्त्रालयले कार्यविधि राय सुझावका लागि सोमबार सार्वजनिक गरेको हो । अघिल्लो साता सार्वजनिक नियमावलीले समेत सोही प्रावधानलाई समेटेको थियो । मन्त्रालयका प्रवक्ता बद्रिराज ढुंगानाका अनुसार नियमावलीको मस्यौदा धेरै नै प्रारम्भिक र अझै बढी छलफल गर्नुपर्ने कानुन हो । यो कार्यान्वयनमा आउन समय लाग्छ । त्यसअगाडि नै निकुञ्ज तथा आरक्ष क्षेत्र भित्रका आयोजनाको हकमा उठेका विषय सम्बोधन गर्न कार्यविधि बनाइएको हो ।

निकुञ्ज भित्रका जलविद्युत् आयोजनाबारे विवाद उठेसँगै यो विषय सर्वोच्च अदालत पुगेको थियो । ढुंगानाका अनुसार अदालतले वातावरण र विकासका बीचमा समन्वय गर्दै आगामी दिनमा कानुनद्धारा यो विषय व्यवस्थापन गर्ने आदेश दिएको थियो । सोही अनुसार निजी क्षेत्रको भइसकेको लगानी प्रभावित नहुने र आगामी दिनमा वातावरण र विकासका बीचमा समन्वय गर्ने लक्ष्यसहित अब निकुन्ज र आरक्ष भित्र धेरै आयोजना निर्माणको अनुमति नदिने निष्कर्षमा सरकारले पुगेको जानकारी दिए ।

उनका अनुसार यो कार्यविधिको मस्यौदामा ७ दिन भित्र आउने सरोकारवालाका सुझाव समेटेर अन्तिम रुप दिइनेछ । त्यसपछि रायका लागि अर्थ र कानून मन्त्रालय पठाइने छ । ती मन्त्रालयबाट राय आएपछि स्वीकृतिका लागि मन्त्रिपरिषद् पठाइने छ । त्यसपछि पास हुने कार्यविधि कार्यान्वयनमा आउनेछ ।

**यस्तो छ कार्यविधिमा उल्लेख आयोजना कार्यान्वयनका सर्त**

राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्र भित्र बग्ने नदीहरुमा अन्य विकल्प भएसम्म सम्पूर्ण संरचना राष्ट्रिय निकुञ्ज वा आरक्षण क्षेत्र भित्र पर्ने गरी निर्माणको अनुमति नदिने कार्यविधिमा उल्लेख छ । सोही अनुसार एउटै नदी प्रवाहमा एक स्थान भन्दा बढी स्थानबाट विद्युत् उत्पादनको सहमति नदिने समेत कार्यविधिमा उल्लेख छ । नदी खोला थुन्दा वा फर्काउँदा नदी खोलमा उच्च सुख्खा मौसम अवधि (ड्राइ पिक पिरियड) भर न्यूनतम बहावको अनुसूचीमा उल्लेख भए बमोजिम वा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा उल्लेख भएमध्ये जुन धेरै हुन्छ, सोही बमोजिमको पानी प्राकृतिक प्रवाहका लागि छाड्नु पर्ने समेत सर्तमा उल्लेख छ ।

# स्वस्तिमाको मनपर्ने निर्देशक निश्चल, भन्छिन्, 'एकदमै 'कुल' निर्देशक'

काठमाडौं/२०७२ सालमा निर्देशक निश्चल बस्नेत र अभिनेत्री स्वस्तिमा खड्का विवाह बन्धनमा बाँधिएका थिए । विवाह अगाडि निश्चलको 'लुट' र 'टलकजंग भर्सेस टुल्के' गरी दुई फिल्म प्रदर्शनमा आइसकेको थियो । 'लुट'ले त उनलाई 'सेलिब्रेटी निर्देशक' कहलाएको थियो । विवाह हुँदा स्वस्तिमाको भने 'होस्टेल रिर्टन्स' मात्रै प्रदर्शनमा आएको थियो । उनी अभिनेत्रीको रुपमा स्थापित हुने प्रयासमा थिइन् ।

कतिपयले आफ्नो करिअरका लागि उनले निश्चलसँग विवाह गरेको टिप्पणी समेत नगरेका होइनन् । तर, उनले फिल्ममा काम गर्न र आफूलाई स्थापित गर्न कहिल्यै श्रीमानको नाम प्रयोग गरिनन् । आफ्नै मिहिनेत अहिले उनी लोभलाग्दो उचाइँमा छिन् । उनलाई 'नम्बर वान अभिनेत्री'को रुपमा समेत चित्रित गरिन्छ । हरेक प्रकारको चरित्रमा उनले आफूलाई जीवन्त रुपमा ढाल्ने गरेकी छन् ।

तर, विवाह गरेदेखि उनलाई निश्चलको फिल्ममा कहिले काम गर्ने भनेर अक्सर सोधिने गरिन्थ्यो । अब उनले यसको जवाफ दिनुपर्ने छैन । किनकि, निश्चलले निर्देशन गरेको नयाँ फिल्म 'दिमाग खराब'मा उनको मुख्य भूमिका छ, जुन आगामी कात्तिक २४ गतेबाट प्रदर्शनमा आउँदैछ । निश्चल र स्वस्तिमाले यसअघि फिल्म 'घामड शेरे' र केही म्यूजिक भिडियोहरुमा एकसाथ काम गरेका थिए ।

सोमबार फिल्मको गीत रिलिज कार्यक्रममा स्वस्तिमाले आफ्नो 'मनपर्ने निर्देशक' निश्चल रहेको रहस्य खोलेकी थिइन् । र, निश्चलले ठट्यौली गर्दै 'वाउ' भनेका थिए । अनि त हल हाँसोले गुञ्जिएको थियो । उनले भनेकी थिइन्, 'निश्चल मेरो 'मनपर्ने निर्देशक' हो । र, श्रीमानको निर्देशनमा काम गर्दा बेग्लै अनुभव भयो ।' उनले 'दिमाग खराब' आफ्नो लागि निकै विशेष रहेको समेत बताएकी छन् । उनको अनुभवमा निश्चल एकदमै सजिला निर्देशक हुन् । सुटिङमा कहिल्यै गाली गरेको ररिसाएको नदेखेको उनले बताइन् ।

'मैले निश्चल जति सजिलो, चिल अनि कुल थोरै निर्देशकसँग मात्र काम गरेको छु । सेटमा उहाँ रिसाउने या गाली गरेको कहिल्यै देखिनँ । अरुले गाली गर्दा पनि सम्झाउनु हुन्थ्यो,' उनले सुनाइन् । श्रीमानको फिल्म गर्दैमा आफ्नै कुरा हुनुपर्छ भन्ने नहुने उनको तर्क छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राष्ट्रभाषा ऐनसम्बन्धी प्रदेश सांसदसँग छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ बागमती प्रदेशमा राष्ट्रभाषा ऐन सम्बन्धी प्रदेश सांसदसँग छलफल कार्यक्रम मंगलबार हेटौंडामा भएको छ । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, नेवा: देय् दबु स्वनिग: विशेष प्रदेश र नेपाल तामाङ घेदुङ बागमती प्रदेशको संयुक्त आयोजनामा कार्यक्रम भएको हो ।



कार्यक्रममा प्रदेशसभामा प्रस्तुत बागमती प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक २०८० को व्यबस्था, संशोधनको व्यहोरा, संशोधनको कारण र आधारसहितको संशोधन प्रस्तावबारे प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रममा भाषा आयोगका सदस्य अमृत योन्जन, भाषाविज्ञ प्रा.डा. ओमकारेश्वर श्रेष्ठ, अधिबक्ताद्वय शंकर लिम्बु र नरेश श्रेष्ठ तथा नेवा: देय् दबु स्वनिग: उपत्यका प्रदेश सदस्य श्रीकृष्ण महर्जनले कार्यपत्र प्रस्तुत गरेका थिए ।

बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले छोटो समयमा धेरै मिहेनत गरेर भाषा म्बन्धी विधेयक ल्याएको बताउँदै आवश्यक संशोधन गर्न सकिने बताइन् । 'हामीले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक २ महिना भित्रै बनायौ,' उनले भनिन्, 'जाति, भाषा, सामाजिक मोर्चा/संस्थासँग छलफल गरेर सुझाब लियौ र संस्थागतसँगै व्यक्तिगत सुझाव लिएर डेढ महिनामा खाका बनायौ ।'

भाषा विधेयक्लाई पूर्णता दिन लिपिको कुरा चलेको भन्दै उनले त्यसलाई भाषा कानूनभित्र राखेर जाँदा राम्रो हुने जिकिर गरिन् । विधेयक सदनमा पेश भएपछि संसद र पास भएपछि राज्यको सम्पति बन्ने भन्दै भावी पुस्ताले गर्व गर्न लायक बन्नेमा जोड दिइन् । प्रदेशकी पूर्वउपसभामुख राधिका तामाङले भाषा विधेयकलाई पूर्ण बनाउने र प्रभावकारी बनाउने सरकार, सांसद, आदिवासी जनजाति संघसंस्था र अगुवासँगै प्रदेशवासीको जिम्मेवारी रहेको बताइन् । प्रदेशको भाषाबारे सोचाई साँघुरो बनाउन नहुने भन्दै उनले फराकिलो सोच बनाएर अघि बढे भाषाको कार्यान्वयन र विकास हुने दाबी गरिन् ।

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिं लामाले भाषा ऐन बनाउँदा सरल भाषामा बनाउँनुपर्नेमा जोड दिँदै वा, अनि, अथवा जस्ता शब्द सकेसम्म राख्न नहुने बताए । बागमती प्रदेशका सांसद सरल सहयात्रीले विद्यालयमा भाषा पढ्ने वातावरण बनेमा भाषा दीर्घकालीन रुपमा संरक्षण हुने भन्दै भाषा आयोगले सरलिकरण गर्नुपर्ने तर्क गरे । सांसद श्रीराम लामिछानेले भाषा संरक्षणसँगै आर्थिक, सांस्कृतिक र रहनसहनलाई पनि भाषा कानूनमा समेट्न सके समृद्धिमा सहयोग पुग्ने बताए । सांसद प्रेमभक्त श्रेष्ठले आउँदो पुस्ताका लागि रंजना लिपिबारे सचेतना जगाउन भाषा कानूनमा व्यवस्था गर्नुपर्ने बताए ।

सांसद रमा आलेमगरले ऐन बनाउनु स्वागत योग्य भएपनि नेवार र तामाङसँगै सुरेल, ह्याउ, सुनुवार लगायतको भाषाको संरक्षणमा पनि कानूनमा व्यवस्था गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिंचाई मन्त्री तीर्थबहादुर लामा, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकार, कृषि तथा पशुपन्छी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठ, संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जन, वन तथा वातावरण मन्त्री मसिना खत्री, बागमती प्रदेशका सांसदहरु रघुनाथ महर्जन, रामकुमार पहाडी, हेटौंडा उपमहानगरपालिका-२ का अध्यक्ष विष्णुगोपाल महर्जन लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## त्रिशूलीमा हामफालेका हेटौंडाका देवकोटा वेपत्ता

हेटौंडा, १६ असोज/ मकवानपुरका एकजना युवक धादिङको गजुरी गाउँपालिका वडा नम्बर ५ घाटबेंसीस्थित नयाँ पुलबाट त्रिशूलीमा हामफालेर बेपत्ता भएका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार मकवानपुरको हेटौंडा उपमहानगर पालिका-२ चौकीटोल निवासी ३८ वर्षीय नीरञ्जन देवकोटाले आइतबार साँझ त्रिशूलीमा हामफालेका थिए । बा.प्र. ०३-००५ प ४१७६ नम्बरको एभेन्जर मोटर साइकल नयाँ पुलमै छाडेर देवकोटा त्रिशूलीमा हामफालेर बेपत्ता भएका हुन् ।

इलाका प्रहरी कार्यालय गजुरीबाट ३ किलोमिटरको दूरीस्थित त्रिशूली पुलबाट हामफालेका देवकोटाको अहिलेसम्म अवस्था खुल्न सकेको छैन । देवकोटाले त्रिशूलीमा हामफालेको खबर पाएपछि उनका आफन्तहरु प्रहरीको सम्पर्कमा आइसकेका छन् । अहिले प्रहरीले स्थानीयको सहयोग लिएर उनको खोजी गरिरहेको छ । धादिङ र चितवनका प्रहरीले देवकोटाको खोजी गरिरहेको बताइएको छ ।

# हेटौंडामा खुल्दै सहिद आकाश मेमोरियल कलेज

साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ हेटौंडामा उच्चशिक्षा अध्ययन गर्ने नयाँ संस्थाको रुपमा सहिद आकास मेमोरियल क्याम्पस सञ्चालनमा आउने भएको छ ।




सहिद एकनाथ सुवेदी (आकास) स्मृति प्रतिष्ठानले टेक्निकल बिषयहरु पढाउने उद्देश्यले हेटौंडा-५, स्थित रिलायन्स स्कुलमा क्याम्सप सञ्चालन गर्न लागेको मंगलबार पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको हो ।

पूर्वाञ्चल विश्व विद्यालयबाट असोज ८ गते सम्बन्धन प्राप्त गरी यही शैक्षिकसत्रबाट स्नात्तकतहको बिआइटी (ब्याचलर अफ इन्फरमेसन टेक्नोलोजी) तथा बिबिए (ब्याचलर अफ बिजनेस एड्मिनिस्ट्रेसन) गरी दुइवटा बिषयमा पठनपाठन सुरु गर्न लागेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । टेक्निकल बिषय पढ्नका लागि विदेश जाने लहर बढेकोले यो क्रमलाई कमी ल्याउने उद्देश्यले क्याम्पसले भविष्यमा समेत अन्य टेक्निकल बिषयमा अध्यापन गराउने लक्ष्य रहेको क्याम्पस सञ्चालक समितिका अध्यक्ष विजय गौतमले बताए ।

क्याम्पसले चारवर्षे बिआइटी कोर्सका लागि ५ लाख ३५ हजार रुपैयाँ र चारवर्षे बिबिए कोर्सका लागि ४ लाख २५ हजार रुपैयाँ शुल्क तोकेको छ ।

यस्तै क्याम्पसले लक्षित वर्गका १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाएको जानकारी दिएको छ । मंगलबार बसेको क्याम्पस बोर्ड बैठकमार्फत् नै शुभारम्भ गरिसकिएकोले भर्ना लिने काम सुरु गरिने प्रतिष्ठानले जनाएको छ ।

# नवोदयमा 'पुस्तक परिचर्चा' कार्यक्रम




साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ हेटौंडा-४ मा रहेको नवोदय शिशुसदनले कक्षा २ का विद्यार्थीको 'बुकटक' (पुस्तक चर्चा) तथा ब्याच वितरण कार्यक्रम गरेको छ ।

सोमबार आयोजित कार्यक्रममा एक दर्जन विद्यार्थीले आफूले अध्ययन गरेको किताबको बारेमा आफ्ना साथीहरु र अभिभावकमाझ प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा नृत्य प्रदर्शनीसमेत गरिएको थियो । कक्षा २ का शिक्षक सम्झना थापाका अनुसार तह ३ मा पुगी व्याच लगाउन विद्यार्थीले २५० वटा पुस्तक अध्ययन गर्नुपर्ने हुन्छ । कक्षा २ की छात्रा अनुष्मा रिमालको अध्यक्षताको भएको कार्यक्रममा साहित्यकार तथा पत्रकार केशव समर्पणको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा साहित्यकार हरिप्रसाद पौड्यालको विशिष्ट आतिथ्यता रहेको थियो । विद्यार्थीको पठन संस्कृतिको विकासका लागि उनीहरुले २५० वटा पुस्तक पढेर त्यसको भिडियो गुगलमा राखेपछि तह ३ मा पुग्छन् । त्यसपछि १०० वटा पुस्तकको समीक्षा गरेपछि बल्ल पुस्तक परिचर्चा कार्यक्रममा सहभागी हुने नेपाली भाषा विभागप्रमुख तथा माध्यमिक तहका संयोजक सिएम रिमालले बताए । विद्यार्थीले अध्ययन गरेको विषयलाई सिर्जनात्मक ढंगले प्रस्तुत गर्ने क्षमताको विकास गराउन कार्यक्रमको आयोजना गरिएको र विद्यालयले यस्ता कार्यक्रम हरेक महिना आयोजना गर्ने रिमालले बताए ।

# बागमती प्रदेशसभा बैठक स्थगित



साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ मंगलबार बस्ने भनिएको बागमती प्रदेशसभा बैठक अचानक स्थगित गरिएको छ । बैठक दिउँसो २ बजे बस्ने कार्यतालिका थियो । तर, बैठक बस्ने समय गुज्रिन थालेकै अवस्थामा प्रदेशसभा सचिवालयले बैठक स्थगित गरिएको सूचना टाँसेको हो ।

प्रदेशसभा बैठक बुधबार ४ बजे बस्ने जनाइएको छ । यद्यपि प्रमुख प्रतिपक्ष नेकपा एमालेले भने आफ्ना माग पूरा नभएसम्म बैठक सञ्चालन हुन नदिने अडान लिएको छ । मंगलबारको बैठक पनि एमालेकै अडानका कारण स्थगित भएको हो । एमालेले सोमबार नै यथास्थितिमा बैठक सञ्चालन हुन नदिने प्रस्ट पारेको थियो ।

प्रदेश सरकारले ल्याएको प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रक्रिया मिचेर ल्याइएको भन्दै एमालेले विरोध गरेको हो । यो विधेयक प्रक्रियागत ढंगले ल्याउनुपर्ने एमालेको माग छ ।

# स्टार्टअपमा लगानी गर्न साढे ३० अर्बको कोष

कठमाडौं, १६ असोज/ नवीनतम ज्ञान, सीप-क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसायमा लगानी गर्न ३० अर्ब ५० करोडको कोष स्थापना भएका छन् । विभिन्न आठ कम्पनीले स्थापना गरेका यी कोषलाई नेपाल धितोपत्र बोर्डले स्वीकृति दिएको हो ।




विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ अनुसार कोष व्यवस्थापकको इजाजत पाएका कम्पनीहरूलाई नेपाल धितोपत्र बोर्डले यस्तो अनुमति दिएको हो ।

गत आर्थिक वर्षमा नेपाल धितोपत्र बोर्डले १२ कम्पनीलाई विशिष्टीकृत लगानी कोष व्यवस्थापकको कार्य गर्न इजाजात दिएको थियो । नवीनतम ज्ञान, सीप-क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायलाई सञ्चालन गर्न लगानीको नयाँ स्रोतको व्यवस्था गर्नसक्ने गरी नेपाल धितोपत्र बोर्डले २२ फागुन २०७५ मा विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ कार्यान्वयनमा ल्याएको थियो ।

नयाँ व्यवसायहरू सुरुवात गर्न स्वदेशी तथा वैदेशिक लगानीका भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फण्ड, हेज फण्डमार्फत् अर्थतन्त्रमा लगानीको नयाँ स्रोतको व्यवस्था गर्ने उद्देश्यसहित सो नियमावली कार्यान्वयनमा ल्याइएको थियो ।

नेपाल धितोपत्र बोर्डमा कोष व्यवस्थापकको लाइसेन्सका लागि १७ कम्पनीले निवेदन दिएका थिए । तर, १२ कम्पनीले मात्रै लाइसेन्स पाएका छन् । लाइसेन्स पाउनेमा ग्लोबल इक्विटी फण्ड लिमिटेड, अवसर इक्विटी लिमिटेड, एनआईसी एशिया क्यापिटल, लक्ष्मी क्यापिटल मार्केट्स, एनआईएमबीएस क्यापिटल, एनएमबि क्यापिटल, प्रभु क्यापिटल र नबिल इन्भेष्टमेन्ट बैंकिङ रहेका छन् । यस्तै आध्यनता फण्ड म्यानेजमेन्ट लिमिटेड, अल्फा प्लस भेन्चर लिमिटेड र नेशनल फण्ड म्यानेजमेन्ट लिमिटेड, रिलायबल भेञ्चर क्यापिटल लिमिटेड कोष व्यवस्थापन गर्न लाइसेन्स पाएका थिए ।

तीमध्ये एनआईसी एशिया क्यापिटल, ग्लोबल इक्विटी फण्ड लिमिटेड, नबिल इन्भेष्टमेन्ट बैंकिङ र एनएमबि क्यापिटलले भने अहिलेसम्म कोष दर्ता नगराएको धितोपत्र बोर्डले जनाएको छ ।

सबैभन्दा सुरुमा अवसर इक्विटीले ५ अर्ब रुपैयाँ बराबरको अवसर इक्विटी डाइभर्सिफाइड फण्ड दर्ता गराएको थियो । अवसर इक्विटीले दर्ता गरेको कोषमा स्रोत संकलन गरेर लगानी पनि सुरु गरि सकेको प्रमुख कार्यकारी अधिकृत ुव तिमल्सिनाले बताए । ४ अर्ब ५६ करोडको स्रोत जुटाएर एउटा हाइड्रोपावर परियोजनामा लगानी समेत सुरु गरेको उनले बताए ।

यो फण्डमा कोष व्यवस्थापक अवसर इक्विटीको २ प्रतिशत लगानी गरेको छ । यस्तै कोष प्रवर्द्धकको रुपमा सिद्धार्थ बैंक, सानिमा बैंक, कुमारी बैंक र नेपाल बैंकले २.५ प्रतिशतको दरले १० प्रतिशत लगानी गरेका छन् । अन्य लगानीमा करिब १ अर्ब व्यक्तिगत लगानीकर्ता र अरु संस्थागत लगानीकर्ताको लगानी रहेको प्रमुख कार्यकारी अधिकृत तिमल्सिना बताउँछन् ।

अन्य सात वटाले भने धितोपत्र बोर्डको कोष दर्ता गराए पनि स्रोत जुटाउन भने बाँकी रहेको छ । अल्फा प्लस भेञ्चरले २ अर्बको अल्फा प्लस भिजन फण्ड दर्ता गरेको छ । जसमा कोष व्यवस्थापक अल्फा प्लस भेञ्चरको २.५ प्रतिशत र कोष प्रवर्द्धक प्रभु बैंकको १० प्रतिशत लगानी छ ।

यस्तै, प्रभु क्यापिटलले ५० करोड रुपैयाँको प्रभु डाइनामिक प्राइभेट इक्विटी फण्ड १ दर्ता गराएको छ । जसमा कोष व्यवस्थापक प्रभु क्यापिटलको २ प्रतिशत र कोष प्रवर्द्धकमा प्रभु बैंकको १० प्रतिशत लगानी छ ।

आध्यानता फण्ड म्यानेजमेन्टले ३ अर्ब रुपैयाँको नेपाल अपर्च्युनिटी फण्ड १ दर्ता गराएको छ । उक्त फण्डको कोष व्यवस्थापक आध्यानता फण्ड म्यानेजमेन्टले २ प्रतिशत लगानी गर्दा प्रवर्द्धकको रुपमा लक्ष्मी बैंकले ५ प्रतिशत, हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेडले २.६७ प्रतिशत, महालक्ष्मी विकास बैंकले १.६७ प्रतिशत र ज्योति विकास बैंकले १.०१ प्रतिशत लगानी गर्ने भएका छन् ।

लक्ष्मी क्यापिटल मार्केट लिमिटेडले १ अर्ब रुपैयाँको लक्ष्मी सस्टेनेवल इनर्जी फण्ड दर्ता गराएको छ । जसमा कोष व्यवस्थापकको २ प्रतिशत र कोष प्रवर्द्धकको रुपमा लक्ष्मी सनराइज बैंकले १० प्रतिशत लगानी गर्ने भएको छ ।

छैटौं कोषको रुपमा एनआईएमबि एस क्यापिटलले सबैभन्दा ठूलो १० अर्ब रुपैयाँको एनआईबीएल इक्विटी पार्टनर्स नामक कोष दर्ता गराएको छ । यसमा कोष व्यवस्थाक एनआईएमबि एस क्यापिटलले १० प्रतिशत र कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले १० प्रतिशत नै लगानी गर्ने भएका छन् ।

सातौं कोषको रुपमा रिलायबल प्राइभेट इक्विटी फण्ड दर्ता भएको हो । रिलायबल भेञ्चर क्यापिटलले व्यवस्थापन गर्ने उक्त कोषमा कोष व्यवस्थाकले २ प्रतिशत लगानी गर्ने भएको छ । यस्तै कोष प्रवर्द्धकको रुपमा रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटलले ४ प्रतिशत, मल्टीपर्पस फाइनान्सले ३.५ प्रतिशत र कुमारी बैंकले २.५ प्रतिशत लगानी गर्ने भएका छन् ।

आठौं कोषको रुपमा ७ अर्ब रुपैयाँको नेशनल इक्विटी फण्ड दर्ता भएको छ । कोष व्यवस्थापक नेशनल फण्ड म्यानेजमेन्ट लिमिटेड रहेको उक्त कोषमा कोष व्यवस्थाकले २ प्रतिशत लगानी गर्नेछ । यस्तै कोष प्रवर्द्धकको रुपमा सानिमा बैंकले १० प्रतिशत लगानी गर्ने भएको हो ।

नेपाल धितोपत्र बोर्डले विशिष्टीकृत कोष व्यवस्थापकको पहिलो लाइसेन्स २४ साउन २०७९ मा ग्लोबल इक्विकटी फण्ड लिमिटेडलाई दिएको थियो ।

**बैंकको लगानी सहज बनाउन सेबोनको लबिङ**

कोष दर्ता भएपनि कोषमा लगानी जुटाउन समस्या भएपछि नेपाल धितोपत्र बोर्डका अध्यक्ष र मेशकुमार हमालले प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटलमा लगानी गर्ने वातावरण बनाउन राष्ट्र बैंकसँग लबिइङ गरिरहेका छन् । गत साता गभर्नर महाप्रसाद अधिकारीलाई भेटेर बोर्ड अध्यक्ष हमालले प्राइभेट इक्विटी र भेञ्चर क्यापिटलजस्ता वैकल्पिक लगानी माध्यममा स्रोत व्यवस्थापन गर्न बैंक लगानी सहजीकरण दिनुपर्ने विषयमा छलफल गरेका थिए । त्यसमा गभर्नर अधिकारी पनि सकारात्मक रहेको बोर्ड अध्यक्ष हमालले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# विवादास्पद धर्मगुरु आचार्य श्रीनिवास पक्राउ



विराटनगर, १६ असोज/ विवादास्पद धर्मगुरु आचार्य श्रीनिवास पक्राउ परेका छन् । विवादास्पद अभिव्यक्ति दिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रहरीले मंगलबार सुनसरीको चक्रघट्टीबाट पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायव उपरीक्षक नविनकृष्ण भण्डारीले श्रीनिवासलाई नियन्त्रणमा लिएको बताए ।

श्री निवास यसअघि २०७६ सालमा आफैंलाई गोली हान्न लगाएको आरोपमा पक्राउ परेका थिए ।

प्रदेश सरकार
**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय**
बागमती प्रदेश
हेटौडा

**वातावरणीय अध्ययन प्रतिवेदन जाँचवुझ समितिमा रहने विज्ञहरुको सूची (Roster) को लागी दरखास्त आह्वान सम्बन्धी सूचना**

मिति:- २०८०/६/१७

प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (४) अनुसार वातावरणीय अध्ययन प्रतिवेदन जाँचवुझ गरी राय सुझाव दिनको लागि प्रतिवेदन स्विकृत गर्ने निकायले प्रस्तावसंग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा रोष्टरमा सूचिकृत विषय विज्ञ समेतको समिति गठन गर्न सक्नेछ भनि उल्लेख भएकोमा यस मन्त्रालयमा स्विकृतीको लागि प्राप्त हुने वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन, मुल्यांकनको साथसाथै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन गरि प्रस्ताव कार्यान्वयनबाट वातावरणीय भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक- आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा पर्न सक्ने प्रभावहरूको आंकलन समेत गर्ने गरी वातावरणीय अध्ययन प्रतिवेदन जाँचवुझ समितिमा वातावरण विज्ञ (प्रस्तावसँग सम्बन्धित विषयविज्ञ) को रुपमा काम गर्न इच्छुक महानुभावहरुले यस मन्त्रालयमा निवेदन पठाउनहुन अनुरोध छ । विष्तृत जानकारीको लागी यस मन्त्रालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

# मयुरधाप औद्योगिक क्षेत्र पुग्ने बाटोमा स्ल्याब ढलान



साझाकुरा संवाददाता

हेटौंडा, १६ असोज/ हेटौंडा उपमहानगरपालिका-१४, स्थित प्रस्ताबित मयुरधाप औद्योगिक क्षेत्र जाने बाटोको स्ल्याब ढलान सुरु भएको छ । सोमबार हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले ढलानको सिलान्यास गरेकी हुन् ।

हेटौंडा उपमहानगर पालिका कार्यालय तथा स्थानीय उपभोक्ताको आर्थिक एवम् जनश्रमदानमा करिब दुई सय ५६ मिटर लम्बाई र ६ मिटर चौडाईको स्ल्याब ढलान गरिएको हो । उपमहानगरपालिकाका तर्फबाट स्ल्याब ढलान कार्यका लागि २० लाख, उपभोक्ताबाट २ लाख ४५ हजार ४ सय ४८ र जनश्रमदान गरी २४ लाख ९४ हजार ४ सय ८१ लागतमा स्ल्याब ढलान गरिएको उपभोक्ता समितिका अध्यक्ष ईमानसिंह मोक्तानले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिका-१४ स्थित मयुरधाप औद्योगिक क्षेत्र जाने बाटोमा स्ल्याब ढलान कार्यपछि त्यहाँका मानिसलाई अब वर्षायामका बेलामा हिलोका कारण हिड्न समस्या नहुने वडाअध्यक्ष दीपक खड्काले बताए ।

**रेष्टुरेन्ट र वास सेन्टर बिक्रीमा**

हेटौंडा-५ सानोपोखरा गणेश मन्दिर नजिक चालु अवस्थामा रहेको रेष्टुरेन्ट र वास सेन्टर सुपथ मुल्यमा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क गर्नुहोला ।
*(आवश्यक परेमा टुक्रा जग्गासँग सट्टापट्टा पनि गरिनेछ)*

**सम्पर्क :- ९८५५०३०१२४, ९८२९२९२७२६**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना